भर्ना खुल्यो !!!
विगतको Private SEE
हाल Open
साथै कक्षा 8, 9 & 10 मा
- English & Nepali Medium
- Morning & Day Classes
- Affordable fee & quality education
- Speical classes for needy students
१२ वर्षको अनुभव सहित
PENTAGON OPEN SCHOOL
भक्तपुर क्याम्पसको ठिक अगाडि
दुधपाटी, भक्तपुर
फोन नं. ०१-६६१२७७६
मो. ९८०१०५४६७०, ९८५१०४५८४९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

वर्ष : २६ ★ अङ्क : ९९ ★ ने. सं. ११४४ चौला गा, अष्टमी ★ बुधबार ★ १९ वैशाख, २०८१ ★ May 1, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन




भक्तपुर, १८ वैशाख । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले पुँजीपतिवर्गको नेतृत्वमा भएको आन्दोलनले बहुमत जनताको हित नभई पुँजीपतिवर्गको मात्र हित हुने बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा भएको १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित वर्तमान समसामयिक राजनैतिक विषयक प्रशिक्षण एवम् प्रवचन कार्यक्रममा उहाँले मजदुरवर्गले पुँजीपतिवर्गविरुद्ध आन्दोलन गरेपछि मात्र मजदुरवर्गको मुक्ति सम्भव हुने बताउनुभयो ।

पुँजीवादले २/३ सय वर्षमा गर्ने भौतिक विकास र प्रगति समाजवादी सोभियत सङ्घले ४०/५० वर्षमै योजनाबद्ध विकास गरेर देखाइदिएको उल्लेख गर्दै उहाँले विदेशीको भरमा देशलाई विकास गर्ने सोचले देशलाई परनिर्भर बनाउँदै लाने धारणा राख्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "कम्युनिस्ट पार्टी पुँजीपति सरकारको भागबन्डामा सहभागी हुँदैन ।"

नयाँ पुस्तालाई शैक्षिक र राजनैतिकरूपमा योग्य बनाउन आवश्यक रहेको स्पष्ट पार्दै उहाँले कुनै पनि आन्दोलन सहरकेन्द्रित हुन नहुने बताउनुभयो ।

उहाँले आन्दोलनबिना मजदुरवर्गको मुक्ति सम्भव नहुने र कुनै उपलब्धि हासिल गर्न नसकिने धारणा राख्दै समाजवाद श्रमको सम्मान हुने र बौद्धिक श्रम गर्नेलाई भन्दा शारीरिक श्रम गर्नेलाई बढी मान दिइने व्यवस्था हो भन्नुभयो ।

मजदुरवर्ग सचेत र सङ्गठित भए मजदुर आन्दोलन अगाडि बढाउन सहज हुने उल्लेख गर्दै उहाँले मजदुर आन्दोलन स्वाभाविक ढङ्गले अगाडि बढे पुँजीपतिवर्गलाई समाप्त पार्न मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सन् १८४८ मा मार्क्स र एङ्गेल्सले लेख्नुभएको 'कम्युनिस्ट घोषणापत्र' ले संसारलाई नयाँ विचार प्रदान गरेको बताउनुभयो ।

कम्युनिस्ट घोषणापत्रको सफल कार्यान्वयन गरी सशस्त्र सङ्घर्षबाट पुँजीपतिवर्गको सत्ता पल्टाएर मजदुरवर्गको सरकार स्थापना गर्ने पहिलो देश सोभियत सङ्घ भएको उहाँले बताउनुभयो ।

सर्वहारावर्गको शासन सत्ता स्थापना गर्ने नारा दिएर नेपालका शासकहरू पुँजीवादी सरकारमा पुगेर आफैँ पुँजीपतिवर्गमा परिणत भइसकेका बताउँदै उहाँले नेपालका शासक दलहरूबाट सर्वहारावर्गको हितको आशा गर्नु भनेको जनताले थप धोका पाउनु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नेपाल मजदुर किसान पार्टी देशको सच्चा कम्युनिस्ट पार्टी भएको विचार व्यक्त गर्दै नेमकिपाले स्थापनाकालदेखि मजदुरहरूको हकहितको निम्ति काम गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सीमित स्रोतसाधनबिच जनताका असीमित आकाङ्क्षा पूरा गर्ने दायित्व कर्मचारीहरूको हो भन्दै कर्मचारीहरू श्रमिकहरूको हक अधिकारबारे सचेत र सङ्गठित हुनुपर्छ भन्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले जनताको निःस्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले कर्मचारीहरू अग्रसर हुनुपर्ने बताउँदै कर्मचारीहरू विकृतिपूर्ण क्रियाकलापबाट टाढा रहनुपर्छ भन्नुभयो । उहाँले कर्मचारीहरूले समाजवादी देशका मजदुरहरूको अवस्थाबारे अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा एसोसियसनका विकास प्रजापति र दिलिपकुमार सुवालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । भक्तपुर नपाका कर्मचारीहरू तुल्सीराम ह्योँगोजु, सुन्दर ब्यान्जु, लक्ष्मीप्रसाद दुमरु, राधेश्याम मचामसी, राजेश कोजू र सूर्यप्रसाद लवजूले १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसबारे नेपाल क्रान्तिकारी मजदुर सङ्घको अपिलबारे बोल्नुभएको थियो ।

सहभागी बनौं ! सहभागी बनौं !! सहभागी बनौं !!!
विश्वका कामदार जनता एक होऔं !




लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- काननी शासन सुनिश्चित गरौं।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- संविधान र काननको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपालमा उद्योगधन्दा नचल्दा नेपाली युवाहरू खाडी मुलुकमा कुल्ली बन्न बाध्य

कालीकोट, १८ वैशाख । नेपाल मजदुर किसान पार्टी कालीकोट जिल्ला समितिले तिलागुफामा मङ्गलबार प्रशिक्षण कार्यक्रम सम्पन्न गर्‍यो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले देशको राजनीति सप्रेन भने जनताले सुख पाउँदैनन् भन्नुभयो । भारतीय एकाधिकार पुँजीको दबाबमा शासकहरूले निजीकरणको नाममा उद्योग नचलाउने विदेशी पुँजीपतिको हातमा सुम्पेको बताउँदै केन्द्रीय सदस्य शाहीले नेपालमा उद्योगधन्दा नचल्दा नेपाली युवाहरू मलेसिया र अरबमा कुल्ली बन्न बाध्य भएको स्पष्ट पार्नुभयो ।

देशको घरमुली बिग्रेपछि देश बिग्रेको उल्लेख गर्दै केन्द्रीय सदस्य शाहीले नयाँ पुस्तालाई अनुशासन सिकाई इज्जतपूर्वक बाँच्न दिनुपर्छ भन्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईंले शासक दलका नेता कार्यकर्तालेे बजेटमा भागबन्डा नखोजेको भए कर्णाली राजमार्ग खाल्टोमार्ग बन्ने थिएन भन्नुभयो । उहाँले बाटो बिग्रेर गाडीमा तेलको खपत बढेको, बिग्रेको गाडी बनाउँदा र बिरामीको उपचार गर्दा भारतीय एकाधिकारलाई नै फाइदा भइरहेकोले सडक व्यवस्थापन नगरेको बताउनुभयो ।

नेमकिपा कालिकोटका अध्यक्ष खडगराज शाहीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासी, दलसुर बोहरा, नरेन्द्रबहादुर रोकाया र भूपेन्द्र शाहीले पनि बोल्नुभएको थियो ।

## अशान्ति, हिंसा तथा युद्धको कारक पुँजीवाद र साम्राज्यवाद

ललितपुर, १८ वैशाख । नेपाल मजदुर किसान पार्टी, ललितपुर जिल्ला समितिको आयोजनामा मङ्गलबार श्रमिकहरूबिच अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले अशान्ति, हिंसा तथा युद्धको कारक पुँजीवाद र साम्राज्यवाद हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "पछिल्लो दुई वर्षको इतिहासमा साम्राज्यवादी देश संरा अमेरिकाले ५ सयभन्दा बढी आक्रमण गरिसकेको छ । सन् १९९० पछि दुई सयभन्दा बढी स्थानमा हस्तक्षेप र हमला गरिएको छ । पछिल्लोपल्ट प्यालेस्टिनमाथि इजरायली अमानवीय आक्रमण र रुसविरुद्ध युक्रेनमार्फत छद्मयुद्ध गरियो । त्यस्तै लिबियाका कर्णेल गद्दाफी, इराकमा राष्ट्रपति सद्दाम हुसेनको हत्या, सर्बियाका देशभक्त राष्ट्रपति स्लोभोदान भिलोसेविचको हत्या भयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एन. महर्जनले नेपाली सेनालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती केन्द्र, नेपाललाई भारतको सुरक्षा हातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, वर्तमान र भविष्यको अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, जन्मको आधारमा नेपाली नागरिकता लिएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने नागरिकता ऐन खारेज गराउन सङ्घर्ष नगर्ने राजनैतिक दलहरू देशभक्त दल होइनन् भन्नुभयो ।

उहाँले सन् १८२६ मे १ को दिन अमेरिकी मजदुरहरूले ८ घण्टाको काम र ज्याला बढाउन माग राखी आन्दोलन गरेको र त्यस आन्दोलन दबाउन कैयौँ मजदुर नेताहरूलाई फाँसी दिए पनि मजदुर आन्दोलन निरन्तर गरी पुँजीवादी अमेरिकी सरकारलाई झुकाएर मजदुरहरूको विजय भएको सम्झनामा विश्वका मजदुरहरूले मजदुर दिवस मान्दै आएको बताउनुभयो ।

नेमकिपा ललितपुरका सचिव नरेश महर्जनले पुँजीवादी सरकारले देश र कामदार जनताको भलो नगर्ने भएकोले कामदारवर्गले शासन गर्ने समाजवादी व्यवस्था आवश्यक भएको हो भन्नुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य कवीन्द्र डंगोलले नेपालमा २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएपछिको नेकाको सरकारले उद्योग, कलकारखाना ध्वस्त बनाई मजदुरहरूलाई बेरोजगार बनाएर दुःख दिएको बताउनुभयो ।

कार्यक्रममा महन्त महर्जन, विष्णुभक्त महर्जनलगायतले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।



# व्यवस्थित र स्वस्थ बसोबासको लागि आवास योजना



भक्तपुर, १८ वैशाख । भक्तपुर नगरपालिका वडा नं. २ स्थित बरखेमा नर्चा ढल विकास उपभोक्ता समितिको आयोजनामा सोमबार भेला भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले जनताको हितको निम्ति शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर काम गरेको बताउँदै ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्य रहेको बताउनुभयो । भक्तपुरको सन्तुलित विकास गर्न देको मिवा इतापाके जग्गा एकीकरण आयोजना सञ्चालन गरेको बताउँदै उहाँले व्यवस्थित र स्वस्थ बसोबासको लागि आवास योजना आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नपाले नाफाको लागि नभई अव्यवस्थित ठाउँलाई व्यवस्थित गर्न जग्गा एकीकरण आयोजना सञ्चालन गरेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाका अध्यक्ष तुल्सीराम सुवाल, वडा सदस्य श्यामसुन्दर मातां, प्रनेश बाटी र तुल्सीलक्ष्मी दुमरुले पनि बोल्नुभएको थियो । कार्यक्रममा स्थानीय जनताको विभिन्न जिज्ञासाबारे प्रमुख सुनिल प्रजापति र वडाध्यक्ष हरिप्रसाद बासुकलाले स्पष्ट पार्नुभयो ।

# काठमाडौँमा मजदुरहरूको भेला

काठमाडौँ, १८ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा काठमाडौँमा मजदुरहरूको भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउनुको कारणबारे प्रस्ट पार्नुभयो ।

उहाँले संसारका मजदुरहरू एक होऔँ भन्ने नारालाई सार्थक बनाउन मजदुर साथीहरू मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराबाट दर्शन, सिद्धान्त र विचारबाट प्रशिक्षित हुनुपर्ने बताउनुभयो ।

उहाँले समाजवाद नआएसम्म मजदुरहरूको हक अधिकार सुनिश्चित नहुने भएकोले देशको अवस्थालाई नाजुक बनाउने अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद, लगानी बोर्ड, राष्ट्रघाती नागरिकता विधेयक, गोर्खा भर्ती, कालाबजारिया, भ्रष्टाचारको विरोधको साथै राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर्न मजदुरहरूले सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशका एनबी श्रेष्ठले रुसको जारशाहीविरुद्धको डिसेम्बर विद्रोह पुस्तकबारे चर्चा गर्दै जारकै खानदानीविरुद्ध खानदानीले नै विद्रोह गरेको थियो भन्नुभयो ।

कार्यक्रममा नेक्रामसङ्घका सचिव जितेन्द्र डंगोल, सुरेन्द्र डंगोलले मजदुर आन्दोलनबारे आ- आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रम नेपाल क्रान्तिकारी मजदुर सङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष धर्मसेन महर्जनको सभापतित्वमा भएको थियो । भेलाले १३५ औँ श्रमिक दिवस काठमाडौँ महानगर वडा नं. ४ मा मनाउने निर्णय गरेको थियो ।

# काठमाडौँमा प्रदूषण बढ्यो, मास्क लगाउन आग्रह

काठमाडौँ, १८ वैशाख । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले काठमाडौँमा वायु प्रदूषण बढेकाले मास्क लगाउन आग्रह गरेको छ । मन्त्रालयले काठमाडौँको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा रहेको उल्लेख गर्दै वायु प्रदूषणबाट जोगिन अनिवार्य मास्क लगाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले काठमाडौँमा वायु प्रदूषण अत्यधिक रहेकाले सकेसम्म घर बाहिर अनावश्यक ननिस्कन, यात्रा नगर्न र अत्यधिक प्रदूषित क्षेत्रबाट टाढा रहन अनुरोध गर्नुभयो । विश्वभरिको वायुप्रदूषणको अवस्था मापन गर्ने 'वर्ल्ड एयर क्वालिटी इन्डेक्स-ऱ्याकि' अनुसार काठमाडौँको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा छ ।

"वायु प्रदूषणले मुटु तथा रक्तनली, फोक्सो, मस्तिष्क, आँखा, नाक, कान, घाँटी आदिमा असर पुऱ्याउनुका साथै दम, क्यान्सर आदिको जोखिम पनि बढाउँछ । वायु प्रदूषणले गर्दा कम तौल भएको बच्चा जन्मने र अवधि नपुग्दै बच्चा जन्मने जोखिमसमेत हुन्छ," प्रवक्ता बुढाथोकीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । नेपालमा वायु प्रदूषणबाट बर्सेनि हुने मृत्युमा बढीजसो पाँचवर्ष मुनिका बालबालिका, गर्भवती, दीर्घ रोगी र वृद्धवृद्धा बढी छन् । यसले नेपालीको औसत आयु चार दशमलव एक प्रतिशतले घटाएको तथ्याङ्क छ ।

नेपालमा रूग्णता तथा मृत्युको प्रमुख कारणमा वायु प्रदूषण प्रमुख रहेको विविध तथ्य र अनुसन्धानले देखाएको प्रवक्ता बुढाथोकी बताउनुहुन्छ । गर्मी समयमा तराईमा तातो हावा बहने र लू लाग्ने उच्च सम्भावना भएको हुँदा तातो हावा लागेको समयमा अनावश्यक बाहिर हिँडडुल नगर्न तथा झोलिलो पदार्थ पर्याप्त मात्रामा सेवन गर्न गराउनु हुन मन्त्रालयले अनुरोध गरेको छ । गर्मी बढेसँगै देशभरका अस्पताल र स्वास्थ्य संस्थामा बिरामीको चाप बढेको मन्त्रालयले जनाएको छ । रासस

त्रिभुवन विश्वविद्यालय

भक्तपुर बहुमुखी क्याम्पस

दूधपाटी भक्तपुर, फोन नं.०१-६६१०२००

## ई-बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०१।१९

यस क्याम्पसमा निम्नानुसारको निर्माण कार्य बोलपत्रबाट गर्नु गराउनुपर्ने भएकोले इजाजतप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कारोबारको इजाजत, फर्म दर्ता, आयकर, स्थायी लेखानम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रहरूको प्रतिलिपि, आ.व.२०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिसहित यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले निम्न अवधिसम्म www.bolpatra.gov.np\ egp मा दर्ता गर्न आह्वान गरिन्छ । यस सूचनामा छुट हुन गएमा अन्य कुराहरू, त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० र सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली २०६४ बमोजिम हुनेछ । तपसिलका कार्यको बोलपत्रको विवरण www.bolpatra.gov.np\ egp मा प्राप्त गर्न सकिनेछ । यससम्बन्धी विस्तृत विवरण क्याम्पसको सूचना पाटीमा हेर्न सकिनेछ ।

| सि.नं. | विवरण | ठेक्का नं. | खरिद विधि | लागत अनुमान रकम (मु.अ.क र पि.एससहित) | बोलपत्र दस्तुर रकम (रु) | बोलपत्र जमानत रकम (रु) | पेस गर्ने अवधि | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | Repair and Maintenance of Basketball Court of Bhaktapur Multiple Campus | BKMC/WORKS /NCB/06/2080/081 | ई-बोलपत्र | २३,९४,६४२.३९ | ३,०००।- | ७०,०००।- | ३१ औँ दिनको १२:०० बजेसम्म | ३१ औँ दिनको १:०० बजे |

# भक्तपुर सिकर्मी सङ्घद्वारा प्रवचन कार्यक्रम

भक्तपुर, १८ वैशाख । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा १३५ औँ श्रमिक दिवसको अवसरमा मङ्गलबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेक्रामजदुरसङ्घका जिल्ला अध्यक्ष उपेन्द्र सुवालले मई दिवसले छरिएर रहेका कामगरी खाने मजदुरवर्ग एकजुट भएर आफ्नो हकहितको लागि आन्दोलन गरेमा सफलता प्राप्त गर्नसक्ने शिक्षा प्रदान गरेको विचार राख्नुभयो ।

नेपाली काङ्ग्रेस पुँजीपतिवर्गलाई पोस्ने पार्टी भएको चर्चा गर्दै उहाँले आफूलाई कम्युनिस्ट भनिने एमाले र माओवादीका मजदुर नेताहरूले आफ्नो स्वार्थ पूरा हुने भएपछि बहुमत कामदार मजदुरवर्गको हितलाई कुनामा फ्याक्ने व्यवहारले गर्दा उनीहरू कम्युनिस्टको खोल ओढेको पार्टी बताउनुभयो ।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूले जनताको पक्षमाा काम गरेको कारण आज भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रका साथै सांस्कृतिक विकासमा अघि बढिरहेको विचार राख्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष विक्रम ढुकुछुले संसारका विभिन्न मजदुर आन्दोलनबारे प्रस्ट पार्दै संसारका मजदुर आन्दोलनको सफलताबाटै विश्वका धेरै देशमा आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको अवधारणामा काम भइरहेको बताउनुभयो । विदेशी कामदार नेपालमा निर्वाधरूपमा भित्रिनुको कारण नेपालीहरूले आफ्नो व्यवसाय र कामबाट विस्थापित हुँदै गएको बताउनुभयो ।

नेपाल ट्रेड युनियनवादले नेपाली कामदारवर्गको हित नगरेकोले खारेज गर्नुपर्ने विचार पनि उहाँले राख्नुभयो ।

कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवालले स्वागत मन्तव्य राख्नुको साथै उपसचिव कपिल दुवालले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नगरपालिकासमक्ष आधारभूत विद्यालय समितिको ध्यानाकर्षण

भक्तपुर, १८ वैशाख । आधारभूत विद्यालय समिति भक्तपुरले भक्तपुर नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा समावेश भएको सामुदायिक विद्यालयमा स्वयम्सेवक शिक्षक बन्दोबस्त गर्ने नीतिको कार्यान्वयन गर्नुपर्ने माग लिएर मङ्गलबार भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिसमक्ष ध्यानाकर्षण पत्र बुझाएको छ ।



ध्यानाकर्षण पत्रमा विद्यालय शिक्षाको जगको रूपमा रहेको प्रारम्भिक बाल शिक्षालाई विभिन्न तहमा विभाजन गरी शिक्षण सिकाइ गर्न तथा अभिभावकहरूलाई आकर्षित गर्न सहयोगी हुने सो नीतिको यथासक्दो चाँडो कार्यान्वयन गर्न भक्तपुर नगरपालिकासमक्ष माग गरिएको उल्लेख छ । आधारभूत विद्यालयमा करारमा नियुक्त शिक्षकहरूको विस्थापन र विद्यालयहरूको आन्तरिक स्रोतमा समेत कमी आएको कारणले विद्यालयको आन्तरिक स्रोतमा नियुक्त शिक्षकहरूलाई सेवामा निरन्तरता दिन नसक्ने अवस्था आएको हुँदा नगरपालिकाले सहयोग गर्नुपर्ने व्यहोरा पनि पत्रमा उल्लेख छ ।

पञ्चायतकालमा समेत सरकारले कक्षा ५ सम्म नि:शुल्क शिक्षाको बन्दोबस्त गरेको अवस्थामा तत्कालीन भक्तपुर नगर पञ्चायतले कक्षा ७ सम्म नि:शुल्क गरी शिक्षकको बन्दोबस्त गर्ने गरेको कार्यले भक्तपुर नगरलाई विशिष्ट बनाएको इतिहास रहेको उल्लेख गरिएको ज्ञापनपत्रमा अहिले भक्तपुर नगरपालिकाले शिक्षकलाई तालिम दिने र तालिमको अनुगमन गर्ने, शैक्षिक तथा भौतिक सुधारका लागि अनुदान दिने, स्थानीय पाठ्यक्रम लागु गर्ने, विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने, विद्यालयको व्यवस्थापन समितिमा स्थानीय तथा निर्वाचित सदस्यहरूको सहभागिता बढाउने, प्रारम्भिक बाल विकास कार्यकर्ता र कार्यालय सहयोगीको तलब वृद्धि गर्ने, अनुगमन तथा प्राविधिक सहयोग समिति गठन गर्ने कार्य सकारात्मक र स्वागतयोग्य रहेको उल्लेख छ ।

सो अवसरमा प्रमुख सुनिल प्रजापतिले शिक्षा नगरपालिकाको प्राथमिकतामा रहेको र सामुदायिक विद्यालयको विकासमा भक्तपुर नगरपालिकाले विभिन्न कार्यहरू गर्दै आएको उल्लेख गर्दै स्वयम्सेवक शिक्षक राख्ने विषय छलफलमा रहेको बताउनुभयो । उहाँले नगरपालिकाको हितमा नभएको र पूरा गर्न नसकिने सर्त रहेको विदेशी ठुलो बजेट नगरपालिकाले अस्वीकार गरेको स्पष्ट पार्दै जनताको सहयोगमा भक्तपुर नगरपालिकाले उदाहरणीय कार्यहरू गर्दै आएको बताउनुभयो ।

शैक्षिक वर्ष २०८१ को शैक्षिक पात्रो तथा शिक्षकले पाउने बिदा कटौतीको उचित व्यवस्थापन गर्नुपर्नेलगायतको विषयमा पनि छलफल भएको थियो ।

# गोल्मढीमा मजदुर भेला

भक्तपुर, १८ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ, एकाइ समिति गोल्मढीले मे १ मजदुर दिवसको अवसरमा एक मजदुर भेला कार्यक्रम गऱ्यो ।

भेलामा नेमकिपा भनपा गोल्मढी एकाइ समितिका अध्यक्ष बलराम गोसाईले मानव विकास, मजदुर किसानको समस्या, सङ्गठन निर्माणमा किसान मजदुरको भूमिकासहित मे १ को क्रान्तिबारे जानकारी दिनुभयो ।

भेलामा नेक्रामजदुर सङ्घ गोल्मढी एकाइ समितिका लक्ष्मीप्रसाद रञ्जितले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सङ्गठनमा मजदुरवर्गको भूमिका तथा सङ्गठन विकाससम्बन्धी प्रशिक्षण दिइएको थियो ।

# डढेलोले उदयपुरमा तीन सय हेक्टर वनमा क्षति

गाईघाट (उदयपुर), १८ वैशाख । केही दिनदेखि जिल्लाको पूर्वी क्षेत्र चौदण्डीगढी, बेलका र त्रियुगा नगरपालिका क्षेत्रको जङ्गलमा लागेको डढेलोका कारण तीन सय हेक्टरभन्दा बढी जङ्गलका रुखबिरुवामा क्षति भएको छ ।

डिभिजन वन कार्यालयका अनुसार दशदिन अघिदेखि लागेको डढेलोका कारण त्रियुगा चौदण्डीगढी र त्रियुगा नगरपालिकाबीच क्षेत्रको फुलजोर देवीस्थान, सरस्वती, बेल्टार सामुदायिक वनमा क्षति भएको हो ।

खडेरीका कारण जङ्गल क्षेत्रमा डढेलो चारैतिर फैलिएकाले साना रुख बिरुवामा क्षति पुगेको डिभिजन वन कार्यालय गाईघाटका सूचना अधिकारी तथा सहायक वन अधिकृत जागेश्वर साहले बताउनुभयो ।

यसैगरी, जिल्लाको मध्यउत्तरी पहाडी क्षेत्रको लिम्चुङबुङ गाउँपालिका-५ क्षेत्रका जङ्गलमा पनि डढेलो लाग्दा वनमा क्षति भएको छ । डढेलो नियन्त्रणको प्रयास भए पनि हुरीबतासका कारण त्यो पूर्ण रूपमा सफल नभएको डिभिजन वन कार्यालयले जनाएको छ । रासस

# आगलागीबाट दुई घर र 'फार्म' जले

बरहथवा (सर्लाही), १८ वैशाख । जिल्लाको दुई छुट्टाछुट्टै स्थानमा भएको आगलागीमा दुई घर र दुई कृषि फार्ममा क्षति भएको छ । गए राति सर्लाहीको हरिवन र कविलासीमा आगलागी भएको हो ।

आगलागीबाट हरिवन नगरपालिका-३ मोहनपुरका रोहन भुजेलको घर र दुईवटा फार्म घर जलेका छन् । भुजेलको बस्ने एउटा घर र बाख्रा र कुखुरापालन गरेको दुईवटा फार्ममा आगलागी हुँदा रु. ११ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता दीपक श्रेष्ठले जानकारी दिनुभयो ।

विद्युत् सर्ट भएर आगलागी हुँदा भुजेलको फार्मसहित २६ कुखुरा र २० हाँस मरेका छन् । घर, पशु फार्म र घरको अन्नपात, लत्ताकपडा, भाँडावर्तनसहित रु. ११ लाख बराबरको क्षति भएको हो ।

यसैगरी, गए राति नै कविलास नगरपालिका-१० सलेमपुरमा एक घरमा आगलागी भएको छ । आगलागीबाट सोही स्थानका वासुदेव महतोको गोठघर नष्ट भएको छ । आगलागीबाट रु. दुई लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । दुवै स्थानको आगो स्थानीय, प्रहरी, हरिवन नगरपालिकाको वारुणयन्त्रको सहायतामा निभाइएको थियो । रासस



**सातवटा फुसको घर जलेर नष्ट**
विद्युत् सर्टकिर्ट भएर आगलगी हुँदा सर्लाहीको धनकौल गाउँपालिका-२ स्थित मङ्गलबार सात वटा फुसको घर जलेर नष्ट भएको छ ।
*तस्बिर : विश्वनाथ ठाकुर/रासस*

# दुनाटपरी उद्योगबाट आत्मनिर्भर हुने प्रयास

**डम्मर बुढा मगर/रासस**

ढोरपाटन (बागलुङ), १८ वैशाख । बागलुङ नगरपालिका-३ की ७७ वर्षीया भद्रकली पुनलाई दुई महिना अगाडिसम्म दिन बिताउन निकै गाह्रो थियो । बुढेसकालमा भारी काम गर्न नसक्ने, घरमा यतिकै बस्दा समय बिताउन गाह्रो हुँदा मोबाइलमा भिडियो हेरेर बस्नुहुन्थ्यो । हिजोआज उहाँको दैनिकी फेरिएको छ । दिन कसरी बिताउने भन्ने चिन्ता पनि हरायो । उहाँ अहिले हरेक दिन उद्यमशील महिला मगर सङ्घले सञ्चालन गरेको दुनाटपरी उद्योगमा बिताउनुहुन्छ ।

अचेल उहाँलाई उद्योगमा महिलाहरूसँग गफिँदै टपरी बन्दाबुन्दै समय बितेको पत्तै हुँदैन । दुई महिनाअगाडि उद्यमशील महिला मगर सङ्घले सञ्चालन गरेको दुनाटपरी उद्योगमा अर्धबैंसे र वृद्ध महिलाहरू भेटिन्छन् । उद्योगमा कोही टपरी बनाइरहेका भेटिन्छन् त कोही सिन्का चिरिरहेका हुन्छन् । उद्योगले महिलालाई स्वरोगार त बनाएको छ नै आत्मनिर्भरसमेत बनाइरहेको छ ।

उद्योग सञ्चालनमा आएको छोटो समयमै दुनाटपरीको माग बढ्न थालेपछि महिलालाई भ्याइनभ्याइ छ । गत फागुनदेखि सञ्चालनमा आएको उद्योग महिलाहरूको गतिलो आयस्रोतको माध्यम बन्न थालेको छ । उद्योग सञ्चालनमा आएपछि वनमा खेर गएका सालका पातले पनि बजार पाउन थालेको छ । उद्योगमा २८ महिला आबद्ध छन् । विसं २०७६ देखि महिलाहरूले सङ्गठित भएर बङ्गुरपालन थालेका थिए ।

महिलाहरूले अघिल्लो वर्ष अफ्रिकन स्वाइन फिवर महामारीका कारण छ सय बङ्गुर मरेपछि दुनाटपरी उद्योग सञ्चालन गरेका हुन् । बङ्गुर मर्दा रु. १५ लाख बढी नोक्सानी भएको थियो । उनीहरू बिहान-बेलुका घरको काम गर्ने र फुर्सदको समय टपरी बुन्ने गर्छन् । महिलाहरूले सुरुआती चरणमै दुई महिनाको अवधिमा करिब रु दुई लाख आम्दानीसमेत गरेका छन् ।

भद्रकलीले छोरी, बुहारी र नातिहरूसँगै दिनभर उद्योगमै बसेर टपरी बुन्नुहुन्छ । सुख, दुःखका मन्थन गर्दागर्दै दिन बितेको थाहै नहुने उहाँले बताउनुभयो । दुनाटपरी बुन्दा समस्या नहुने हुँदा उद्योग र यहाँ काम गर्ने महिलाहरू आफ्नो सारथी बनेको भद्रकलीले सुनाउनुभयो । उहाँले भन्नुभयो, "दिनदिनै मोबाइल चलाउँदा आँखा दुख्ने, टाउको दुख्ने हुन्थ्यो, दिनभर घरमा बस्दा बस्दा दिक्क लाग्ने गर्थ्यो, अहिले यहाँ (उद्योगमा) धेरै नानीहरू आउँछन्, उनीहरूसँग कुराकानी गरेर टपरी बुन्छु, दिन बितेको थाहै हुँदैन, नानीहरूले धेरै राम्रो काम गरेका छन्, म बूढीमान्छे पनि आबद्ध भएको छु, काम गर्न त सक्दिन, त्यही पनि दुई/चारवटा टपरी बुन्छु, मेरो लागि त दिन बिताउने आधार बनेको छ, आम्दानी पनि हुन्छ ।"

सालको पातलाई बाँसको सिन्काले उनेर परम्परागत तरिकाबाट बनाउने दुना तथा टपरीलाई आधुनिक ढङ्गले उत्पादन गर्न थालिएको छ । वनमा खेर गइरहेको सालको पातको सदुपयोग गर्दै दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको हो । धार्मिक कार्यका लागि महत्त्वपूर्ण मानिँदै आएको दुनाटपरी पछिल्लो समय अन्य प्रयोजनमा समेत प्रयोगमा आउन थालेको छ । उद्योगमा आबद्ध सदस्य दिलमाया काउचाले नयाँ कामको सुरुवात भएको हुँदा सिक्दै स्वरोजगार बन्दै गरेको बताउनुभयो । उद्योग सञ्चालनमा नआउँदा यतिकै घरमा बस्ने गरेको भन्दै अहिले दैनिक उद्योगमा आएर काम गर्ने गरेको उहाँको भनाइ छ ।

# आगलागीपीडितको पीडा सबै जल्यो, के खाने ? कहाँ बस्ने ?

**रञ्जिता अधिकारी/रासस**

देउखुरी (दाङ), १८ वैशाख । २०८१ वैशाख १६ गते बिहान करिब १० बजेतिर घरदेखि पश्चिमतरिको जङ्गलमा आगो लागेको थियो । सोही आगो निभाउन भनेर राजपुर गाउँपालिका-७ हाडबासका खिमलाल खत्री जानुभएको थियो । गाउँले सबै त्यहीँ गएको समयमा छिमेकीको एक घरमा आगोले भेट्यो । त्यही आगोले खत्रीको घर पनि भेट्यो । घरभित्र रहेको सबै अन्नपात जलेर छिनभरमै खरानी भयो । छोराले गाडीको हेबी लाइसेन्स बनाउन भनेको थियो त्यो बुझाउनका लागि एक लाख ऋण गरेर ल्याएको पैसा र घरमा भएको २० हजार पैसा थियो त्यो पनि जल्यो । घरमा भएको अन्नपातदेखि सबै सामग्री खरानी भयो ।

यस्तो होला भनेर हामीले सोचेका थिएनौं अहिले खुल्ला आकाशमा बस्नु परेको छ खत्रीले भन्नुभयो । पाँच बोरा तोरी, मसुरो, चार क्विन्टल आलु थियो, सबै खरानी भयो । घरमा भएको अन्नपात लत्ताकपडा, भाँडाकुँडा केही पनि झिक्न नपाएको उहाँले सुनाउनुभयो । शरीरका कपडाबाहेक केही बचेको छैन । कुखुराको खोर, गाईगोठ र बस्ने घर सबै जलेर आँखै अगाडि खरानी भयो । त्यही खरानीको थुप्रो हेरेर दिनरात कटाउँदैछौं उहाँले भन्नुभयो ।

सोही ठाउँकी लक्ष्मी भण्डारीको घर, गोठ, बाख्राको खोर र कुखुराको खोर जलेर खरानी भएको छ । एक्कासि आगो घरमा आयो चारैतिरबाट घेरा हालेको आगोको रापले घरभित्र बस्न सकेनौं बाहिर निस्कँदा घरभित्रको सामान सबै जल्यो सुत्ने खाट, दराज, टेबल सबै जलेर खरानी भयो भण्डारीले भन्नुभयो, "छवटा बाख्रा र पाँच सय कुखुरा पनि जलेर खरानी भए ।" आगालागीले सबै जलेपछि केही सामग्री आएको छ, तर पकाउनका लागि भाँडा छैन । उहाँका लगाउने चप्पल पनि जलेर खाली खुट्टा हिँड्नु भएको थियो ।

सोही गाउँकी मिनीकुमारी बोहराको पाँचजनाको परिवार पनि खुल्ला आकाशमुनि बसेको छ । घरको अन्नपात, गोठ बाख्राको खोर सबै जल्यो । मान्छे कसरी सुरक्षित हुने भन्ने मात्रै सोच आयो सबै घरबाहिर रुवावासी गर्न थाल्यौं । घर नजिकमा पानी पनि छैन केही पर बग्ने राप्तीमा तल झर्ने बाटो छैन त्यहाँबाट पानी ल्याउन सम्भव भएन । गाउँले सबैको घर छिनभरमै खरानी भयो । घर छेउमा रहेका रूखबिरुवा पनि जलेका छन् ।

वडा नं ७ का अध्यक्ष पुस्कर वली घटनास्थलमै हुनुहुन्थ्यो । घटनाका बारेमा जानकारी प्राप्त हुनेबित्तिकै आफू त्यहाँ पुगेको उहाँले बताउनुभयो । स्थानीयवासीको उद्धारका लागि उहाँ लागिपर्नुभएको छ । प्रहरीसँगको सहकार्यमा क्षतिको विवरण सङ्कलन गर्न लाग्नुभएको छ । गाउँसम्म पुग्ने बाटो नहुँदा आगो निभाउन दमकल पुग्न नसकेको उहाँले बताउनुभयो ।

नजिकै राप्ती नदी छ तर त्यहाँबाट पानी ल्याउन भाँडा नभएका कारण आगो नियन्त्रण हुन नसकेको अध्यक्ष वलीले बताउनुभयो । आगलागीबाट २३ घर र एक सय १० जना प्रभावित भएका छन् । आगलागीस्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीहरू परिचालन भए पनि पर्याप्त पानीको स्रोत नहुँदा र भौगोलिक कठिनाइका कारण आगो नियन्त्रणमा ल्याउन कठिनाइ भएको उहाँले बताउनुभयो । गाउँको आगो अझै नियन्त्रणमा आउन सकेको छैन । रूखहरू जलेर धुवाँ उडिरहेको छ ।

**पानी र बत्तीको समस्या**

गर्मी मौसम सुरु भएपछि जङ्गलमा आगो लाग्यो खानेपानीको पाइप सबै जल्यो । त्यसपछि हाडबासका स्थानीयलाई पानीको समस्या भयो । एक घण्टाको दूरीमा रहेको हाटवास खोलामा बालुवा खोस्रेर बनाइएको जरुवाबाट पानी ल्याएर जीविका चलाएको स्थानीय लक्ष्मी भण्डारीले बताउनुभयो । एक घण्टाको उकाली ओराली गरेर ल्याएको पानीले जीविका चलेको छ भण्डारीले भन्नुभयो, "आगलागी भएपछि गाउँमा बिजुलीबत्ती छैन । तीन दिन भयो, बत्ती नभएकाले मोबाइल फोन चार्ज गर्न पनि सकेका छैनौं । सञ्चारविहीन भएका छौं ।"

**आगलागीपीडितलाई स्वास्थ्य परामर्शमा ध्यान दिन अपिल**

दाङको राजपुर गाउँपालिका-७ हाडबास गाउँबासीले आगलागीबाट ठूलो भौतिक क्षति व्यहोर्नुपरेको घटनाप्रति नागरिक समाज दाङले दुःख व्यक्त गरेको छ । वैशाख १६ गते नजिकैको सामुदायिक वनबाट बस्तीमा पसेको आगोले हाडबास गाउँका २३ घरगोठ जल्दा दर्जनौं चौपाया, पक्षी मर्नाका साथै अन्नपात, लत्ताकपडा, भाँडावर्तन जलेर गाउँ नै खरानी भएको घटनाप्रति दुःख व्यक्त गर्दै पीडित गाउँलेको उद्धारपछिको उचित राहत व्यवस्थापनामा ध्यान दिन सबैमा हार्दिक अपिल गरेको छ ।

नागरिक समाज दाङका संयोजक नीमबहादुर थापा र सचिव नारायणप्रसाद श्रेष्ठद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ । पीडादायी घटनाप्रति मानवीय समवेदना आत्मसात् गरेर उदार मनले सहयोग कार्यमा जुट्न स्थानीय सरकार, सरकारी, गैरसरकारी कार्यालय, सङ्घसंस्था, व्यापार सङ्घ, रेडक्रस, उद्योगी, व्यवसायी एवम् सबै मनकारीमा नागरिक समाज दाङले अनुरोध गरेको छ ।

आगलागीका कारण गाउँवासीको बसाइ व्यवस्थापनसँगै खानपानमा ध्यान दिन तथा खानेपानीको पाइप जलेको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि सुरक्षित खानेपानीको सहज रूपमा उपलब्ध गराउन आग्रह गरेको छ । आगलागीका कारण गाउँवासीमा विभिन्न प्रकारका स्वास्थ्य समस्या आउने सम्भावना भएको हुँदा स्वास्थ्य उपचारसँगै स्वास्थ्य परामर्शमा ध्यान दिन पनि समाजले अपिल गरेको छ । विपन्न परिवार बसोबास गर्ने घरको खरको छाना विस्थापन गरी टिन लगाउने अभियान अहिले अलपत्र परेको हुँदा यस प्रकारका विपद्बाट क्षति भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै अविलम्ब खरको छानो विस्थापन अभियान कार्यान्वयन गर्न पनि राज्यका तीन तहका सरकारलाई सचेत गराइएको छ ।

बढ्दो गर्मी अनि हावाहुरीले जतातातै आगलागीको जोखिम कायमै रहेको हुँदा जोखिम बस्तीमा सचेतना अभियान व्यापक बनाउन पनि सरोकार सबैमा नागरिक समाज दाङले ध्यानाकर्षण गराएको समाजका सचिव श्रेष्ठले बताउनुभयो । साथै, नागरिक समाजले आगलागीको घटनालगत्तै उद्धारमा अहोरात्र खटिएर सुरक्षा दिनुभएका नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय सरकार, जनप्रतिनिधि, अमिलियावासी, स्थानीय, पत्रकारलगायत सबैमा आभार प्रकट गरेको छ ।

**आगलागीबाट ८७ लाख ७५ हजार बराबरको क्षति**

गाउँमा रहेका २८ घरमध्ये २३ घर आगलागीबाट जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जनकबहादुर मल्लले जानकारी दिनुभयो । आगलागीबाट ८७ लाख ७५ हजार बराबरको क्षतिको प्रारम्भिक अनुमान रहेको प्रवक्ता मल्लले जानकारी दिनुभयो । पीडितलाई राहतस्वरूप घोराहीमा रहेको मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र र वडा कार्यालयले खाद्यान्नसहित चाउचाउ र बिस्कुट म्याट र त्रिपाल वितरण गरेको थियो । रासस

। सम्पादकीय ।

# आज १ मई अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवस

आज संसारका विभिन्न देशमा अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइँदै छ । १ मई १८८६ को दिन ८ घण्टाको काम र ज्याला बढाउने माग राखी संयुक्त राज्य अमेरिकाका मजदुरहरूले देशव्यापी हडताल गरेका थिए । हडतालमा हजारौँ हजार मजदुरले भाग लिएका थिए । संसारका मजदुरहरू पुँजीपतिवर्गसँग बदला लिन सङ्घर्षमा उत्रेका थिए । आन्दोलन चालु रह्यो । आन्दोलन दबाउन अनेक प्रयत्न गरियो । अन्ततः आन्दोलन सफल भयो । त्यो आन्दोलनले ८ घण्टाको कामको दिन निश्चित भयो । त्यो मजदुरहरूको विजय थियो । १८८९ मा पेरिसमा संसारका मजदुरहरूको प्रतिनिधिहरूको भेला भयो । त्यो भेलाले १ मईलाई अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउने निर्णय गऱ्यो । त्यस निर्णयअनुसार संसारका विभिन्न मुलुकमा १ मई दिवस मनाइँदै आएको हो ।

१ मईको दिन संयुक्त राज्य अमेरिकामा मजदुरहरूको देशव्यापी आन्दोलन भएको दिन हो । मजदुर आन्दोलन दबाउन मजदुर नेताहरूलाई दमन गरे पनि, फाँसी दिए पनि शत्रुसामु नझुकी आन्दोलनलाई अगाडि बढाइएको दिन हो । मजदुरहरूको रगत पसिनाले मोटाएका पुँजीपतिवर्ग आन्दोलनको अगाडि घुँडा टेक्न बाध्य भएको दिन हो । ८ घण्टाको काम दिन र मजदुरहरूको ज्याला बढाउने माग पूरा भएको दिन हो । लाखौँ मजदुरहरू सरिक भई मजदुर आन्दोलन सफल भएको दिन हो । यसरी मजदुर आन्दोलन सुरु र सफल भएको सन्दर्भमा संसारका विभिन्न देशमा १ मई मनाइँदै आएको हो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घले नेपाली मजदुरहरूलाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै आएको छ । सचेत र सङ्गठित शक्तिले मात्र परिवर्तन गर्न र गराउन सक्छ । यो सङ्घ मजदुर आन्दोलनलाई संशोधनवादको बाटोमा लाने ट्रेन युनियनवाद र संशोधनवादको विरोध गर्छ । पुँजीवादी गणतन्त्रले पुँजीपतिवर्गको सेवा गर्छ । समाजवादी गणतन्त्रले मजदुर, किसान र कामदार जनताको सेवा गर्छ । नेपाल क्रान्तिकारी मजदुर सङ्घ समाजवादी गणतन्त्र स्थापना गर्न सङ्घर्षरत छ । मजदुर आन्दोलनको उद्देश्य मजदुरहरूका दैनिक आवश्यकताका सङ्घर्षबाट शिक्षित र सङ्गठित गर्दै समाजवादी क्रान्तिको निम्ति तयार गर्नु हो । ट्रेड युनियनवादले मजदुरहरूलाई समाजमा आमूल परिवर्तन गर्नुभन्दा स-साना आर्थिक स्वार्थ र अल्पकालीन हितमा भुलाएर समाजवादी क्रान्तिको बाटो भुलाउने काम गर्छ । यस अर्थमा ट्रेड युनियनवाद भनेको संशोधनवाद हो । संशोधनवाद मजदुर आन्दोलनभित्रको पुँजीवादी दृष्टिकोण हो । राष्ट्रिय गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू साम्राज्यवादी देशहरूबाट सञ्चालित पुँजीवादी संस्थाहरूकै हाँगाबिँगा हुन् ।

नेपालका कति मजदुर सङ्घ सङ्गठनहरू पुँजीवादी पार्टी र पुँजीवादी विचारबाट प्रभावित छन् । ती सङ्घ सङ्गठनहरूले मजदुरहरूको हित चाहँदैनन् । तिनीहरूले मजदुर आन्दोलनलाई मागी खाने भाँडो या कमाउने साधन बनाउँछन् र मजदुर सङ्घहरूलाई क्रान्तिबाट टाढा राख्ने काम गर्छन् । यसकारण, देशमा धेरै कम्युनिस्ट पार्टी भए पनि मजदुर आन्दोलनले व्यवस्थितरूपमा आन्दोलन गर्न नसकेको हो । देशमा राज्यको संरचना फेरिए पनि मजदुरहरूको काम सुनिश्चित देखिँदैन । पुँजीपतिवर्गको सरकारले देशको आवश्यकताअनुसार कलकारखानाहरू खोलेर मजदुरहरूलाई रोजगारी दिनुपर्ने हो, जनताका आधारभूत आवश्यकता पूर्ति गर्नुपर्ने हो । तर, त्यो भइरहेको देखिँदैन । भएका सरकारी उद्योगहरू घाटाको निहुँमा कति बन्द गरिए, कति निजीकरण गरिए त कति विदेशीहरूको हातमा सुम्पियो । यसले गर्दा देशमा बेरोजगारी बढ्यो र युवाहरू बिदेसिन बाध्य भए ।


देशमा मजदुरहरूको जीवन सुनिश्चित गर्न सरकारले काममामको व्यवस्था गर्नुपर्छ । मजदुरका अधिकारहरू सुनिश्चित गर्नुपर्छ । मजदुरहरूको श्रमअनुसार ज्यालाको बन्दोबस्त हुनुपर्छ । मजदुरहरू निकाल्ने, बढी काम गराएर थोरै पारिश्रमिक दिने कामको विरोध गर्नुपर्छ । मजदुरहरूको हाल प्राप्त अधिकार उपयोग गर्दै थप अधिकार प्राप्तिको निम्ति अझै सङ्घर्षको खाँचो छ । देशमा पहिले बन्द भएका र निजीकरण गरिएका सबै कलकारखाना तथा उद्योगहरू फेरि सञ्चालन गर्न सरकार लाग्नुपर्छ । यसरी मजदुरहरूको हक हितको निम्ति सङ्घर्ष गर्दै आएको नेपाल क्रान्तिकारी मजदुर सङ्घले आज मई १ को दिन १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउँदै छ । यस अवसरमा दिनको १ बजे च्याम्हासिंहबाट जुलुस सुरु हुनेछ । जुलुस नगर परिक्रमापछि नासमनामा पुगी सभा हुनेछ । उक्त दिवस सफल पार्न सङ्घले विभिन्न कलकारखाना, उद्योग, होटल, गार्मेन्ट, गलैँचा, सरसफाइ तथा सङ्घ संस्थामा कार्यरत या आबद्ध डकर्मी, सिकर्मी, बिजुली कामदार, कर्मचारी, मेकानिकल, चालकहरूलाई सहभागी हुन आग्रह गरेको छ ।

# संरा अमेरिकामा मजदुर आन्दोलन

✍ का. रोहित

सन् १८३० मा संरा अमेरिकामा रेलको बाटो खुल्यो । रेलको बाटोले अलग अलग भएको स्थानीय बजारलाई व्यापक राष्ट्रिय बजारसँग जोडिदियो । त्यसले बन्द व्यापार काममाम र जीविकालाई बढाइदियो । कलकारखाना र उद्योगधन्दाको विकास भयो । कोइला, तामा, फलाम, तेल र काठपातहरूजस्ता काँचा वस्तुहरूमा अमेरिका एक नसिद्धिने भण्डार नै थियो । बैङ्क, रेल, यातायात, बीमा र अरू कम्पनीहरू खुल्दै गए । १८४० देखि १८५० सम्ममा अमेरिकामा औद्योगिक क्रान्ति पूरा भयो । औद्योगिक उत्पादनको हिसाबले त्यो विश्वको पाँचौँ देश बन्यो ।

सन् १८६० तिर संरा अमेरिकाको जनसङ्ख्या ३ करोड १० लाख थियो । कपडा कारखानामा जम्मा ५३ लाख लट्टाईहरू थिए । इस्पातको गोलो पाताको उत्पादन १ लाख १५ हजार थियो । रेल बाटोको लम्बाइ ४८ हजार किमि थियो ।




औद्योगिक मजदुरहरू १४ लाख पुगेका थिए । कपडा उद्योग छिटछिटै विकास भइसकेको थियो । त्यसकारण, मजदुरहरूको सङ्ख्या छिट्टै १८ लाख पुग्यो । त्यसमध्ये धेरै यातायातमा काम गर्थे । फेरि ८ लाख खेती मजदुरहरू थिए । उद्योगमा काम गर्ने मजदुरहरूमध्ये एउटा ठुलो भाग केटाकेटीहरूको थियो । ९-१० वर्षका केटाकेटीहरूलाई दिनको १२-१३ घण्टा काममा लगाइन्थ्यो ।

सन् १८६५ सम्ममा औद्योगिक उत्पादनमा संरा अमेरिका विश्वको चौँथो श्रेणीमा पुग्यो । १८७० तिर तेल झिक्ने उद्योगको विकास भयो । १ लाख ७० हजार मजदुरहरू त तेलको उद्योगमा काम गर्ने भए । पुँजीवादको जति जति विकास हुँदै गयो उति उति आर्थिक विषमता बढ्दै गयो । धनीहरू झन्झन् धनी हुँदै गए र गरिबहरू झन्झन् गरिब हुँदै गए । उदाहरणको निम्ति फिल्ड भन्ने एक पुँजीपतिको कुरा लिऊँ । त्यस पुँजीपतिको कारखानामा काम गरेको ११ भागमध्ये दुई भागमात्रै त्यसका मजदुरहरूले पाउँथे । अरू सबै पुँजीपतिको पेटमा जान्थ्यो । मजदुरहरूले जति जति काम गर्दै जान्थे उति उति पैसा पुँजीपतिको पेटमा पुग्थ्यो । काम गर्ने मजदुरहरूले एक छाक पनि राम्रो खाना खान पाउँदैनथे । तर, तिनीहरूकै कमाइबाट त्यस कारखानाका मालिकलाई दिनको ९ हजार रूपैयाँ माथिल्लो स्तरको खाना खान पुग्थ्यो । एक मजदुरले दिनको २ डलर ज्याला पाउँथ्यो भने एक मालिकको आम्दानी घण्टाको ५०० देखि ७०० डलरसम्म पुग्थ्यो ।

त्यस पुँजीपतिको ज्यासलमा एक दिनमा लोग्नेमानिस, स्वास्नीमानिस र केटाकेटीहरू गरेर जम्मा १० हजार मजदुरहरू काम गर्थे । सयकडा ९५ मजदुरहरूले हप्तामा १२ डलर अथवा त्योभन्दा कम पाउँथे । दिनभरि झुकेर सिलाइको काम गर्ने आइमाईहरूले हप्ताको ६ डलर ७५ सेन्ट पाउँथे । त्यसको अर्थ मजदुरहरूले आधा पेटमात्रै खाएर काम गर्नुपर्दथ्यो । दिनभरि काम गरिसकेपछि तिनीहरू आफ्नो छाप्रो डेरामा फर्कन्थे । भोलि फेरि काम गर्न जानैपर्थ्यो । सबभन्दा सस्तो वस्तु सुख्खा रोटी थियो । घ्यू भनेको त साह्रै माथिल्लो खाना थियो । बिहानको खाजा भनेको त कफी र सुख्खा रोटी थियो । दिउँसोको मुख्य खाना एक टुक्रो प्याजसँग रोटी खाइन्थ्यो । सँगै माछाको एक टुक्रो अथवा नरम दूध रोटी हुन्थ्यो अथवा सखर वा कुनै गुलियो वस्तुसँग रोटी निल्नु पर्दथ्यो । राति एक टुक्रो सुँगुर या गाईको मासु, गर्मीमा गन्हाएको तरकारीसँग रोटी खाइन्थ्यो । पिउने कुरामा चियामात्रै हुन्थ्यो । मजदुरहरूसँग मुस्किलले एकजोर लुगा हुन्थ्यो । डेराको बहाल कम गर्न एउटै कोठामा पनि ८-१० जवान मजदुरहरू बस्ने गर्थे ।

सन् १८७०- १८८० को बेला संरा अमेरिकाको श्रमिक आन्दोलनको इतिहासमा एक महत्त्वपूर्ण अवधि थियो । मजदुरहरू लामो समयको काम र कम ज्यालाको विरोधमा लड्थे । तिनीहरू आफ्नो पक्षको कानुन बनाउन लगाउन आर्थिक र राजनैतिक सङ्घर्षहरू गर्थे । रेलका बाटोहरू बनाउने र कोइला खानीमा काम गर्ने मजदुरहरूको ठुलठुला हडतालहरू भए । १८७० तिर भएका ती हडतालहरू साह्रै दरो ढङ्गका थिए र ती सङ्घर्षहरू कहिले केही सशस्त्र भिडन्तमा समेत बदलिन्थे । अमेरिकी पुँजीपतिवर्ग ती हडताल र सङ्घर्षहरूलाई साह्रै निर्दयतापूर्वक दबाउँथे ।

सन् १८७७ मा संरा अमेरिकामा पहिलोचोटि देशव्यापी रेल बाटोका मजदुरहरूको हडताल भयो । त्यस ऐतिहासिक हडताललाई दबाउन अमेरिकी पुँजीपतिवर्गले सेना र स्वयंसेवक नाउँका हुल्याहा र गुण्डाहरूलाई उपयोग गऱ्यो । पुँजीपतिहरूको प्रेस र अखबारहरूले ती हडतालहरूलाई कम्युनिस्ट षड्यन्त्र भनेर घोषणा गरे र त्यसलाई दबाउन माग गरे । रेललाई रोक्न खोज्ने मजदुरहरूमाथि सेनाद्वारा गोली हान्न दिए ।

तर, सरकार र पुँजीपतिवर्गको दमनले अमेरिकी मजदुरवर्ग लत्रेनन् । अरू औद्योगिक मजदुर र किसानहरूले त्यस रेलवे मजदुरहरूको हडताललाई समर्थन गरे । पिटसवर्ग, बाल्टिमोर, शिकागो र अरू मुख्य-मुख्य सहरहरूमा हडताली मजदुरहरू र सिपाहीहरूको बिचमा चर्काचर्की र भिडन्तहरू भए । ती भिडन्तहरूमा कमभन्दा कम तीन सय मजदुरहरू मारिए । पिटसवर्गको सेनाको गोलीबाट मारिएका मजदुरहरूको लास जहाँतहाँ छरिएको थियो । ती मजदुरहरू वास्तवमा आफ्नो न्यायोचित मागका निम्ति लडेका थिए । तर, पुँजीपतिवर्गले मजदुरवर्गको त्यस न्यायोचित मागलाई अपराध सम्झे र गोली चलाएर हत्याकाण्डहरू मच्चाए । त्यस हत्याकाण्डबाट सारा अमेरिकी मजदुरहरूमा ठुलो आक्रोसको लहर फैलेको थियो । एक पुँजीवादी अखबारअनुसार हत्याकाण्डमा परेका मजदुरहरूका आइमाईहरू रोइरहेका थिए र तिनीहरू आफूलाई विधवा बनाउनेहरूलाई सरापिरहेका थिए । यसको अर्थ हो - मजदुरहरूका स्वास्नीमानिसहरू र महिला मजदुरहरूसमेत पुँजीपतिवर्गको अन्याय अत्याचारको विरोधमा सङ्घर्ष गर्दै थिए ।

पुँजीपतिवर्गको निर्दयी दमनबाट संरा अमेरिकाको मजदुर हडतालले हाऱ्यो । तर, १८८० तिरको ती हडतालहरूले संरा अमेरिकाको सम्पूर्ण मजदुरवर्गलाई ब्युँझाइदिए । देशभर ८ घण्टाको आन्दोलन सुरु भयो । हडताल र आन्दोलनहरूलाई दबाउन सरकारले आफ्नो सेना र पुलिसलाई प्रयोग गरेर निर्दयताको एक अर्को उदाहरण प्रस्तुत गऱ्यो । त्यस दमनले अमेरिकाको दक्षिणी मुख्य राज्य टेक्सासदेखि मध्य अमेरिकाको सेन्ट लुई राज्यसम्म मजदुरहरूको रगत बग्यो ।

तर, बलिदान खेर गएन । १८८६ मा संरा अमेरिकामा फेरि मजदुर आन्दोलन भयो । ८ घण्टाको कामको दिन, ज्याला बढाउने र अरू मागहरूको निम्ति संरा अमेरिकाका मजदुरहरू जुरमुरिएर उठे । त्यो आन्दोलनलाई पनि पुँजीपतिवर्गले रगतमा डुबाइदियो । त्यस आन्दोलनलाई आज १ मईको आन्दोलनको नामले सबै जान्दछन् । १ मई १८८६ को त्यो आन्दोलन आज मजदुर दिवसको रूपमा सारा संसारमा मनाइन्छ । आज संसारमा धेरै देशका मजदुरहरूले ८ घण्टाको कामको दिन पाएका छन् ।

**१ मईको आन्दोलन**

पुँजीपतिवर्गले मजदुरवर्गलाई जति जति दबाउँदै जान्थ्यो, उति उति तिनीहरू पहिलेभन्दा सङ्गिठत र सचेत हुँदै जान्थे । समाजवादी विचारधारा फैलिँदै गयो । एङ्गेल्स फ्रेडरिक एडोलफ सोर्गेमार्फत अमेरिकाको मजदुर आन्दोलनबारे जानकारी राख्नुहुन्थ्यो ।

सन् १८८४ को गर्मी महिनामा फ्लोरेन्स केली विस्चेवेत्की भन्ने २५ वर्षकी एक अमेरिकी केटी जुरिच विश्वविद्यालयमा अध्ययन गर्दै थिइन् । तिनले समाजवादी विचारधारालाई स्वीकार गरिन् । तिनले एङ्गेल्ससँग उहाँको 'बेलायतमा मजदुरवर्गको अवस्था' भन्ने किताब अमेरिकामा प्रकाशित गर्न अनुमति मागिन् । एङ्गेल्सले त्यस अनुवादलाई सम्पादन गर्ने वचन दिनुभयो । घर फर्कँदा १८८६ को शरद्मा तिनले लण्डनमा एङ्गेल्स भेटिन् । तिनले पनि एङ्गेल्ससँग अमेरिकी मजदुर आन्दोलन र समाजवादी सङ्गठनबारे चिट्ठी-पत्र गर्थिन् । ४० वर्ष पुरानो आफ्नो किताब अमेरिकामा छाप्ने कुरोले एङ्गेल्स खुसी हुनुभयो । त्यसबेला अमेरिकाको उद्योगको अवस्था १८४४ तिरकै बेलायतको अवस्थासँग मिल्दोजुल्दो थियो । मजदुरवर्गको अवस्थामा सुधार ल्याउने, कामको दिनलाई छोट्याउने, स्वास्नीमान्छे र केटाकेटीको श्रमको शोषणको विरोध गर्नेजस्ता विषयमा कुरा मिल्दथ्यो । १८८६ को सुरुमा त्यस अनुवादलाई ६ हप्ता लगाएर एङ्गेल्सले सम्पादन गर्दै हुनुहुन्थ्यो ।

त्यसैबेला अमेरिकामा मजदुर आन्दोलन फेरि चर्किँदै थियो । १८८६ को सुरुमै ठुलठुला औद्योगिक केन्द्रहरूमा ८ घण्टाको कामको दिन प्रचार आन्दोलन अगाडि बढ्न थाल्यो । त्यस आन्दोलनमा ३ लाख ५० हजारभन्दा बढी मजदुरहरू सम्मिलित थिए । आन्दोलनले बडो राम्रोसँग सफलता हासिल गर्दै थियो । २९ अप्रिल १८८६ मा एङ्गेल्सलाई एक पत्र प्राप्त भयो । त्यसमा लेखिएको थियो- पहिलोचोटि त्यहाँ अङ्ग्रेजी बोल्ने मजदुरहरूमा साँचो व्यापक आन्दोलन भएको छ ।...... अहिले पनि तिनीहरू अँध्यारोमा छामछाम छुमछुम गर्दै छन्, अस्पष्ट र अचेत छन् जसलाई हटाउन सकेनन् । तर, यो ठीक हुनेछ, आन्दोलनले आफ्नो गल्तीहरूबाट सिक्नुपर्छ र सिक्दै विकास गर्नेछन् ।

१ मई १८८६ को दिन संरा अमेरिकामा मजदुरवर्गले देशव्यापी हडताल गर्ने तयारी गर्दै थियो । त्यसबेला पुँजीपतिवर्गले मजदुरहरूलाई १४-१५ र १८ घण्टासम्म काम गराउँथ्यो । यसकारण, मजदुरहरूको मुख्य माग थियो, ज्याला बढाउने र ८ घण्टाको कामको दिन । १ मईको दिन देशभर सबै कलकारखाना र यातायात बन्द गर्ने तयारी थियो । तर, पुँजीपतिवर्ग र तिनीहरूको भतुवा प्रेस र खबरकागतहरूले त्यस देशव्यापी हडताललाई 'कम्युनिस्ट विद्रोह' भनेर होहल्ला मच्चाए; हडतालीहरूमाथि बम हान्नुपर्छ र दबाउनुपर्छ भनेर तर्साउने र भड्काउने कामहरू गरे । हडतालमा भाग लिने मजदुर र मजदुर नेताहरूलाई हत्या गर्ने धम्कीसमेत दिए । तर, अमेरिकी मजदुरवर्ग धम्की र भड्काउने कुराको अगाडि झुक्न मानेनन् र १ मईको दिन देशव्यापी हडतालको निर्णयमा अडिरहे ।

संरा अमेरिकाको उत्तरमा शिकागो भन्ने एउटा सहर छ । त्यो सहर इरी दहको नजिकै या किनारामा छ । त्यहाँ मासु र खेतीका मालसामान उत्पादन गर्ने उद्योगहरू धेरै थिए । स्थानीय कल-कारखानाका मालिक पुँजीपतिहरू र तिनीहरूकै पैसामा पालिएका प्रतिक्रियावादी अखबारहरू एक भए । हुन त पुँजीवादी देशका ठुलठुला अखबारहरू धेरैजसो पुँजीपतिवर्गकै हुन्छन् । पुँजीवादी विचारधारा प्रचार गर्न, आफ्नो सामानको विज्ञापन दिन र लोकमत

*बाँकी पृष्ठ ७ मा*

# चे ग्वेभारा गाजा पुग्दा

✍ युसेफ अल-हेलु

**चे ग्वेभाराको विरासत अझै जीवित छ । बहुसङ्ख्यक प्यालेस्टिनी अभियन्ताहरूका लागि उहाँ अझै पनि प्रेरणाका स्रोत हुनुहुन्छ । साम्राज्यवाद, उपनिवेशवाद र सैन्य कब्जाविरुद्ध गरिने विद्रोहका उहाँ लोकनायक हुनुहुन्छ ।**



सन् १९४८ मा प्यालेस्टिनी भूमिमाथि ठाडो इजरायली उपनिवेशवाद लागु भयो । त्यसलाई बेलायत र संरा अमेरिकाजस्ता उपनिवेशवादी तथा साम्राज्यवादी शक्तिले सघाएका थिए । त्यसयता प्यालेस्टिनी मुक्ति सङ्घर्ष विश्वकै आजु बन्न पुगेको छ । जहाँ कब्जा र घुसपैठ हुन्छ त्यसको प्रतिरोध अवश्य हुन्छ । 'प्यालेस्टिनको जातीय सफाया' विरुद्ध पनि प्रतिरोध भइरहेयो ।

इजरायल बन्नुअघि यहुदीवादी मिलिसिया वा अर्धसैन्य दस्ताले हत्याकाण्ड र बलजफ्ती निकाला जस्ता उपाय लगाएर प्यालेस्टिनमा सैन्य पकड जमाएको थियो । यसै सिलसिलामा सन् १९४८ मा नरसंहार मच्चाइएको थियो । आफ्नो देश गुमाउनुपर्दाको त्यो महाविपद्लाई प्यालेस्टिनीहरू 'नक्बा' भन्छन् । सन् १९६७ मा अर्को नरसंहार मच्चाइयो । अरबी देशका सेनाले पराजय व्यहोर्नुपरेको त्यो 'धक्का' लाई प्यालेस्टिनीहरू 'नक्सा' भन्छन् ।

विस्थापित रैथाने प्यालेस्टिनीहरू गाजा, पश्चिम किनारा, लेबनन, सिरिया र जोर्डनका शरणार्थी शिविरहरूमा पाल टाँगेका कामचलाउ नगरमा बस्न बाध्य भए । आहारका लागि उनीहरू राष्ट्रसङ्घको निकाय अन्नाले उपलब्ध गराएको राहतमा निर्भर हुनुपर्‍यो ।

सुरुमा उनीहरूले आफूलाई बेदखल गरिएको भूमिमा एक दिन फर्केर जान पाउने सोचेका थिए । नक्बाको समयमा करिब ५०० नगर र गाउँमा लुटपाट मच्चाइएको थियो र तिनलाई नक्साबाट मेटाइएको थियो । ती विस्थापित र लुटिएका दरिद्रजनले आज ७० वर्षपछि पनि त्यो सपना सँगालिरहेका छन्: 'घर फर्किने अधिकार' पाउने दिन पर्खिँदै छन् ।

यी सबै घटनाक्रमबिच प्यालेस्टिनीहरूमा आफ्नो भूमिको प्रतिरक्षा गर्न विद्रोहभाव पलाउँदै गयो ।

अरबी शब्द 'फेदायिन' ले मुक्ति योद्धालाई जनाउँछ । फेदायिनहरू सङ्गठित हुन थाले; इजरायलको कब्जाकारी दलबलविरुद्ध हमला गर्न थाले । केही योद्धाहरू छिमेकी अरबी देशहरूका सिमारेखाबाट प्यालेस्टिनमा घुसे ।

सन् १९५३, १९५५ र १९५६ मा लगातार नृशंस हत्याकाण्डहरू भए । इजरायली सैन्य कमाण्डर एरियल स्यारोनको नेतृत्वमा सयौँ प्यालेस्टिनीहरूको निर्मम हत्या भयो । स्यारोन उग्र जर्नेल थिए । उनले फेदायिनहरूको जरो उखेल्ने र तिनलाई सघाउने शरणार्थीहरूलाई दण्डित गर्ने किरिया नै खाएका थिए ।

**इजिप्टमा क्रान्तिकारी जागरण**

इजिप्टलाई त्यसबेला 'संयुक्त अरब गणतन्त्र' भनिन्थ्यो । सन् १९४८ देखि सन् १९६७ सम्म गाजापट्टीमा इजिप्टको शासन थियो । इजिप्टका राष्ट्रपति नासिरले स्वेज नहरलाई राष्ट्रियकरण गर्ने निर्णय गरेपछि सन् १९५६ मा इजिप्टमाथि तीनतिरबाट बेलायत, फ्रान्स र इजरायलले हमला गरे । यो हमला खासगरी दक्षिण गाजास्थित सहर खान युनिस र राफामा गरिएको थियो । आक्रमणमा परेर त्यहाँ इजिप्टका दर्जनौँ सिपाही, प्रहरी र सुरक्षा अधिकारीहरू मारिएका थिए ।

गमाल अब्देल नासिरको शासनकालमा इजिप्टमा उच्च क्रान्तिकारी भावना थियो । नासिरलाई अरबी देशहरू एकै हुनुपर्छ भन्ने अखिल-अरबवादी विचारका सूत्रधार थिए । उनी साम्राज्यवाद तथा उपनिवेशवादका कडा विरोधी थिए । यही विचारका कारण उनी लोकप्रिय थिए । अरबी राजनीति र अरबी जनमानसमा उनको बलियो प्रभाव थियो । यही माहोलमा नासिरले ल्याटिन अमेरिकी क्रान्तिकारी अर्नेस्टो चे ग्वेभारालाई इजिप्टको राजधानी कायरो भ्रमण गर्ने निम्तो दिए ।

गाजा भ्रमण गर्ने विचार चे ग्वेभाराको थियो कि नासिरको थियो भन्ने कुरा खुलेको छैन । तर, भ्रमणको समय फेदायिनहरूको नेतृत्वमा भइरहेको प्यालेस्टिनको राष्ट्रिय आन्दोलनका लागि अति नै महत्त्वपूर्ण थियो । त्यो प्यालेस्टिनी मुक्ति योद्धाहरूले ल्याटिन अमेरिका, भियतनाम र अल्जेरियाका छापामार युद्धहरूबाट प्रेरणा लिइरहेको अवधि थियो ।

प्यालेस्टिनी फेदायिनहरूको विचारधारा मूलत: वामपन्थी राष्ट्रवाद, समाजवाद र कम्युनिस्ट थियो । तिनीहरूले सशस्त्र सङ्घर्षमार्फत यहुदीवादलाई हराएर प्यालेस्टिनलाई मुक्त गर्ने र एउटा 'धर्मनिरपेक्ष प्रजातान्त्रिक राज्य' को स्थापना गर्ने घोषणा गरेका थिए ।

प्यालेस्टिनीहरूले आफ्नो भूमिमा कहिल्यै वास्तविक राष्ट्रिय स्वाधीनता हासिल गरेका थिएनन् । त्यसैले मुक्तिको विचार फैलिँदै गयो र सन् १९६४ मा प्यालेस्टिनी मुक्ति सङ्गठन (पीएलओ) को स्थापना भयो । त्यसको नेतृत्व अहमद शुकाइरीले गरेका थिए । सन् १९६९ मा यासिर अराफात पीएलओका अध्यक्ष भए । सन् २००४ मा मृत्यु हुनुअघिसम्म पीएलओका अध्यक्ष अराफात नै थिए ।

**गाजामा चे ग्वेभारा**

नासिरको निम्तो स्वीकारेपछि ग्वेभारालाई क्युवाली नेता फिडेल क्यास्ट्रोले १४ देशको तीनमहिने भ्रमणमा पठाउनुभयो । ग्वेभाराको गाजामा एक दिन बिताउने कार्यक्रम बन्यो । त्यसबेला गाजा इजिप्टको सरहदभित्र थियो । कायरोबाट ४५० किलोमिटरको दूरी छिचोलेर सन् १९५९ को जून १८ को दिन गाढा सैनिक बर्दीमा ठाँटिएका ग्वेभारा गाजा पुग्नुभयो ।

गाजास्थित इजिप्टका कार्यकारी गभर्नर, प्यालेस्टिनी अधिकारी, नगरप्रमुखहरू तथा धेरै सर्वसाधारणले चे ग्वेभारालाई नायकको रूपमा भव्य स्वागत गरे । त्यसबेला जनरल लेफ्टिनेन्ट अहमद सलिम गाजाका गभर्नर थिए ।

गाजाको छोटो भ्रमणमा ग्वेभाराले अनेक प्यालेस्टिनी शरणार्थी शिविरको भ्रमण गर्नुभयो । उहाँ चर्चित अल-जुराइज शिविरमा जानुभयो । त्यहाँ उहाँलाई क्युवाली क्रान्तिगान गाएर स्वागत गरियो । प्यालेस्टिनी मुक्ति सङ्गठनको स्थापनालाई क्युवाले स्वागत गरेको थियो र सन् १९६५ मा सो सङ्गठनसँग औपचारिक सम्बन्ध राखेको थियो ।

गाजा भ्रमण गर्नुपछाडि चे ग्वेभाराको स्पष्ट उद्देश्य थियो । पश्चिमा साम्राज्यवाद र उपनिवेशवादविरुद्ध अरबी एवम् प्यालेस्टिनी राष्ट्रिय मुक्ति तथा क्रान्तिकारी सङ्घर्षलाई समर्थन गर्नु भ्रमणको मुख्य उद्देश्य थियो ।

जुल्फिकर स्वीर्जो 'प्यालेस्टिनी मुक्तिका लागि जनमोर्चा' नामक कम्युनिस्ट दलका कार्यकर्ता हुन् । एउटा अन्तर्वार्तामा उनले गाजाका मुक्तियोद्धाहरूसँग चे ग्वेभाराले क्रान्तिकारी विचार आदानप्रदान गर्दै गरेको दृश्य आफ्ना बाबुले नजिकैबाट देखेको बताए । प्यालेस्टिनी मुक्तियोद्धाहरू इजरायली सेनाविरुद्ध लड्नका लागि छापामार युद्धकलामा आधारित रणनीति बनाउन चाहन्थे ।

**गाजा**

गाजापट्टी भूमध्यसागरको पूर्वी तटमा अवस्थित सानो भूभाग हो । यो उहिलेको प्यालेस्टिनको दक्षिणमा पर्छ । यसको दक्षिण-पश्चिममा इजिप्ट छ भने पूर्व र उत्तरमा इजरायल छ । ४५ किलोमिटर लामो गाजा ५ देखि १२ किलोमिटर चौडा छ । यसको कुल क्षेत्रफल ३६५ वर्ग किलोमिटर छ ।

गाजाको जनसङ्ख्या झन्डै २० लाख छ । तीमध्ये पनि दुईतिहाइ गाजावासी शरणार्थी हुन् । तिनलाई तिनको घरखेतबाट सफाया गरेर गाजा पुऱ्याइएको थियो ।

प्यालेस्टिनी अध्येता सल्मान अबु सित्ताले ग्वेभाराको गाजा भ्रमणपछि क्युवाले प्यालेस्टिनी विद्यार्थीलाई छात्रवृत्ति दिएको, अलपत्र प्यालेस्टिनीहरूलाई नागरिकता दिएको र प्यालेस्टिनको पक्षमा धेरै सभासम्मेलन आयोजना गरेको बताए । प्यालेस्टिन उपनिवेशवादविरोधी सङ्घर्षको बिम्ब बनेको थियो । त्यसैले सन् १९६० मा बेलायती उपनिवेशवादविरोधी भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले गाजा भ्रमण गर्नु स्वाभाविक थियो । इजरायल र इजिप्टबिचको पुरानो युद्धविराम सम्झौतामा जोड दिन उनी त्यहाँ पुगेका थिए । उनले गाजास्थित राष्ट्रसङ्घको आपतकालीन दस्ता (युनेफ) सँग भेटघाट गरेका थिए ।

सन् १९६७ मा इजरायलले छिमेकी अरब देशहरूविरुद्ध '६ दिने युद्ध' गऱ्यो । गाजालाई इजिप्टको हातबाट खोसेर इजिप्टले पूर्णत: आफ्नो कब्जामा पाऱ्यो । त्यसको ६ महिनापछि १९६७ अक्टोबरमा बोलिभियामा चे ग्वेभाराको हत्या भयो ।

चे प्रतिरोधका प्रतिमूर्ति बन्नुभयो । खासगरी 'प्यालेस्टिनी मुक्तिका लागि जनमोर्चा', 'प्यालेस्टिनी मुक्तिका लागि जनवादी मोर्चा' र 'प्यालेस्टिनी जनदल' जस्ता वामपन्थी दलले चलाएका मुक्ति सङ्घर्षका उहाँ बिम्ब बन्नुभयो ।

चे ग्वेभाराको विरासत अझै जीवित छ । बहुसङ्ख्यक प्यालेस्टिनी अभियन्ताहरूका लागि उहाँ अझै पनि प्रेरणाका स्रोत हुनुहुन्छ । साम्राज्यवाद, उपनिवेशवाद र सैन्य कब्जाविरुद्ध गरिने विद्रोहका उहाँ लोकनायक हुनुहुन्छ ।

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***

# पाठ्यपुस्तकमा फजुल खर्च रोकौँ

✍ इकुश्रे

पुस्तकले हामीलाई ज्ञान दिन्छ । ज्ञान दिने पुस्तकलाई हामी माया गर्छौं । किताबको महत्त्व सम्झिन/सम्झाउन वर्षको एकपटक भए पनि सरस्वती पूजाको दिन पूजा गर्छौं । अरू बेला पनि झुक्किएर पुस्तकलाई खुट्टाले छोइयो भने ढोग्छौँ । पढ्न थाल्नुअघि पनि पुस्तकलाई ढोग्छौँ । धार्मिक पुस्तकलाई त भेटीपातीसहित पूजा पनि गरिन्छ । पण्डितबाट तिनका कुरा सुन्दा हातमा फूलपाती लिन लगाइन्छ । यी सबै, पुस्तकको महिमा बुझाउनकै लागि गरिएका क्रियाकलाप हुनुपर्छ ।

हामीले पढ्ने गाउँमा पाठ्यपुस्तक प्राप्त गर्न ज्यादै गाह्रो थियो । पुराना किताब पढ्ने त्यही घरका भाइबहिनी हुन्थे । नयाँ किताब किनिल्याउन धेरै सास्ती खेप्नुपर्थ्यो । पैदल हिँडेर पुग्नै दिनभरि लाग्ने जिल्ला सदरमुकामस्थित एउटा पुस्तक पसलमा खै कतिखेर किताब आएर कतिखेर सकिइसक्थ्यो, थाहै पाइँदैनथ्यो । सायद त्यतैतिरका विद्यार्थीले किनिसकेको हुन्थे होलान् । त्यतिखेर फोनको सुविधा पनि थिएन, किताब आयो/आएन भनेर बुझ्नलाई । त्यसैले, कैयौँपटक जिल्ला सदरमुकाम धाएर-एक दिन एउटा, अर्को दिन अर्को गर्दै गएर बल्लतल्ल किताबको सेट पूरा गरिन्थ्यो । त्यतिञ्जेल आधाउधी शैक्षिक सत्र पनि सकिइसकेको हुन्थ्यो । कतिपय अन्य जिल्लाको अवस्था हामीले भोगेभन्दा पनि बढी कष्टकर थियो होला ।

कतिपय साथीहरू सहरतिरबाट किताब झिकाउन सक्ने हैसियतका पनि हुन्थे । तिनले ल्याएका किताब हेर्न र पढ्न कक्षामा हारालुछ गरिन्थ्यो । बिन्तीभाउ गरेर केही दिनका लागि घरमा समेत ल्याएर पढिन्थ्यो । सहरबाट किताब ल्याउन नसक्नेहरू, जिल्ला सदरमुकाम धाएर ल्याइएका एकसेट किताबबाटै काम चलाउन, एउटा टोलमा दुईतीन जनासम्मको समूह बनाउने गर्थे । तिनलाई भर्सक प्लास्टिकको कभर लगाएर खुबै जतन गरिन्थ्यो । लेख्ने, चिनो लगाउने काम ठ्याम्मै हुँदैनथ्यो, आफ्नो नामसम्म लेख्नेबाहेक । स्वाभाविकै पनि हो, धेरै दु:ख गरेर जोडेको सामान छ भने, जसलाई पनि त्यसको माया लाग्छ नै । अर्को साल तिनै किताब आधा मूल्यमा अरुले किनेर लान्थे । यो क्रम किताब परिवर्तन नहुन्जेल चल्थ्यो । चारपाँच वर्षसम्म एउटै किताब यताउता हुँदा, जति जतन गरे पनि कभर पेज च्यातिइसकेको हुन्थ्यो । र पनि, 'पढ्ने पाठ छँदै छ, के भो र !' भनिन्थ्यो । सुरु र अन्तिमतिरका पाठै गएका किताब परे पनि कापीमा सारेर पढिन्थ्यो । अहिले सम्झँदा लाग्छ : त्यतिखेर हामीले साँच्चै नै सच्चा नागरिकले निर्वाह गर्नुपर्ने देश सुहाउँदो व्यवहार गरेका रहेछौँ ।

अहिले समय सजिलो आएको छ । दुर्गम क्षेत्रका विद्यार्थीले समेत समयमै र सजिलै पाठ्यपुस्तक पाउँछन् । त्यो पनि नि:शुल्क ! यो ज्यादै राम्रो कुरो हो । तर, सरकारले उपलब्ध गराएको यो 'सजिलै' र 'नि:शुल्क' ले हदैसम्मको दुरुपयोग निम्त्याएको छ । त्यत्तिकै भेटेको वा पाएको कुनै पनि वस्तुको मूल्य र महत्त्व पनि त हुँदैन । आजकलका विद्यार्थीले किताबको जतन गर्नै पर्दैन । बिक्री पनि नहुने, पुराना पनि पढ्नु नपर्ने भएपछि किताबको किन जतन गर्नु ! त्यसैले, कसैले परीक्षामा च्यात्छन् । कसैले चट्पटेवालालाई दिन्छन् । बोक्न गाह्रो हुन्छ भनेर कसैले बाटातिर र कसैले विद्यालयमै राख्छन् । बजार, सडक, गल्ली र विद्यालयका छेउछाउ फालिएका किताबलाई फोहोरको रूपमा सफा गर्नुपर्ने अवस्था छ । सहरमा भए, विद्यालयको 'स्टोर रुम' मा थन्क्याइका किताब कबाडीवालालाई बोलाएर बेच्नुपर्छ । गाउँतिर त्यसरी बिक्री नहुने भएकोले त्यत्तिकै फाल्नुपर्छ वा जाडोमा आगो ताप्नुपर्छ ।

अध्ययनका सौखिन पाठकद्वारा किनिएका अन्य पुस्तक वर्षौँवर्षसम्म दराजमा सजाइन्छ । पुस्तकालयमा किताबलाई सजाएर राखिन्छ । तर, सरकारी विद्यालयमा नि:शुल्क बाँडिएका किताब, पढ्न मिल्ने हुँदाहुँदै एकवर्षभित्रैमा अर्को नयाँ बाँडिन्छ ! यसलाई, 'जनताका लागि राहत' ठान्ने कि विद्यार्थीको खुसी मान्ने ? वास्तवमा यो, दुवै नभएर सरकारी ढुकुटीको फजुल खर्च हो । नागरिकका थाप्लामा ऋणको अङ्क बढेको बढ्यै छ । गुणस्तरीय कागज हाम्रो देशमा उत्पादन हुँदैन । भाउ बढेको आयातीत कागजमा किताब छपाउँदा अरबौँ खर्च हुन्छ । यो अवस्थामा, पाठ्यक्रम परिवर्तन नहुन्जेल नयाँ किताब नबाँड्नु राम्रो होइन र ! 'हरेक कुरा जतन गर्नुपर्छ' भन्ने कुरा सिकाउनुपर्ने उमेरका विद्यार्थीलाई बर्सेनि नयाँ किताब बाँडेर के सिकाइँदै छ ?

हाम्रा धेरै विद्यालयमा जनक शिक्षाबाट प्रकाशित भएबाहेक विभिन्न प्रकाशकका पुस्तक पढाइ हुन्छ । ती प्रकाशकको पनि व्यवसाय चलाइदिन होला, नयाँ किताब बाँड्नुपर्ने र किन्नुपर्ने अवस्था सिर्जना गर्न हरेक वर्ष शिशुकक्षादेखि १२ कक्षासम्मका पुस्तकहरूमा १-२ वटा पाठ परिवर्तन गरिँदो रहेछ ! पाठै परिवर्तन नगरे, एकदुई पृष्ठ वा अनुच्छेद परिवर्तन गरी 'किताब फेरिएको छ' भन्ने पारिँदो रहेछ ! यो कुरा शिक्षकहरूले भन्नैपर्थ्यो । अनि, विपन्न परिवारका अभिभावकले पनि बाध्य भएर हजारौँ रूपैयाँ खर्च गरेर नयाँ पुस्तक किन्नैपर्ने बाध्यता आउँदो रहेछ ।

पाठ्यपुस्तक तयार गर्दा धेरै विज्ञहरूको परिश्रम परेको हुन्छ । त्यसअनुसार लगानी पनि उत्तिकै परेको हुन्छ । 'देश र जनताको भलो चिताई' काम गर्ने हो भने यसरी तयार गरिएका पाठ्यवस्तु केही वर्ष परिवर्तन नगर्ने र नयाँ किताब नछाप्ने नीति बनाउनुपर्ने हो । (परिवर्तन नगरिनहुने कुनै महत्त्वपूर्ण मिति/घटना भए, विषय शिक्षकले विद्यार्थीहरूलाई कक्षामा लेखाउँदा भयो ।) यसबाट पुराना किताब पुन: प्रयोग गर्ने वातावरण स्वत: बन्छ । यति हुन सकेमा पनि देशको अरबौँ रुपियाँ जोगाउन सकिन्छ ।

# चिकपाद्वारा वर्तमान आर्थिक परिस्थिति र कामको विश्लेषण तथा अनुसन्धान गरिने




पेइचिङ, २० अप्रिल (सीआरआई)। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक व्युरोले अप्रिल ३० का दिन एउटा बैठकको आयोजना गर्दै यस वर्ष जुलाईमा पैचिङमा चिनियाँ कम्युनिस्ट पार्टीको बीसौं केन्द्रीय समितिको तेस्रो पूर्ण बैठक आयोजना गर्ने निर्णय गरेको छ। जसले मुख्यगरी सुधारलाई चौतर्फी गहन पार्ने र चिनियाँ शैलीको आधुनिकीकरणका समस्याको अनुसन्धान गर्नेछ।

यस बैठकले एकीकरण र उच्च गुणस्तरीय गरी दुई बिन्दुलाई घनिष्ट रुपमा कायम राख्दै याङ्त्से नदी डेल्टा एकीकरण विकास भन्ने महत्त्वपूर्ण कार्यभारलाई शक्तिशाली रुपमा प्रवर्द्धन गर्नुपर्छ भनी निष्कर्षमा जोड दिएको छ।

बैठकको निष्कर्षमा अगाडि भनिएको छ - केन्द्रीय प्रविधिक विकासलाई तीव्रता दिँदै परम्परागत व्यवस्थाको स्तरोन्नति, नयाँ व्यवस्थाको विकासलाई व्यवस्थित रुपमा प्रवर्द्धन गर्नुपर्छ। संस्थागत संयन्त्रलाई छिटो पूर्णता दिलाउँदै प्रशासनिक बाधालाई तोडेर एकीकरणलाई अझै गहिरो क्षेत्रमा विस्तार गर्नुपर्छ।

केन्द्रीय समितिका क्षेत्रीय समन्वय विकास निर्देशन टोलीले सम्बन्धित कामको समन्वयलाई मजबुत बनाउनुपर्छ।

शाङ्हाई शहरले विशेष गरी निर्देशकीय भूमिका अझै राम्रोसँग खेल्दै र च्याङसु,च च्याङ र आनह्वी गरी तीन प्रान्तहरूले आ-आफ्ना विशेष भूमिका निर्वाह गर्नुपर्छ। जसले विशाल कार्यशक्तिलाई मिलाएर याङ्त्से नदी डेल्टाको एकीकरण विकासका लागि नयाँ अध्याय सिर्जना गर्नसकिन्छ।

"मे एक" अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, राष्ट्राध्यक्ष एवम् केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङले पार्टी केन्द्रीय समितिको तर्फबाट देशभरका श्रमिक जनतालाई बिदाको शुभकामना र हार्दिक सहानुभूति व्यक्त गर्नुभएको छ।

सी चिनफिङले यो वर्ष नयाँ चीन स्थापनाको ७५ औं वार्षिकोत्सव र "१४ औं पञ्चवर्षीय योजना" को लक्ष्य र कार्यहरू पूरा गर्ने महत्त्वपूर्ण वर्ष भएको औंल्याउनुभयो। उहाँले श्रमजीवी व्यापक जनसमुदाय पार्टीसँग एकताबद्ध भएर पार्टीसँगै सङ्घर्ष गर्ने एवं मेहनत र निस्वार्थ कामबाट आफ्नो बुद्धि र पसिनाले पार्टी र देशको विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने बताउनुभयो।

# बङ्गलादेशद्वारा चिनियाँ कृषि कम्पनीलाई लगानी गर्न स्वागत

ढाका, ३० अप्रिल (सिन्ह्वा)। बङ्गलादेशले कृषि उद्योगलाई स्तरोन्नति गरी उच्च गुणस्तरको विकास हासिल गर्नका लागि चिनियाँ कृषि प्रशोधन उद्यम र कृषि मेसिनरी उद्यमलाई मुलुकमा लगानी गर्न स्वागत गरेको कृषिमन्त्री मोहम्मद अब्दुस शाहिदले बताउनुभएको छ।

बङ्गलादेशका लागि चिनियाँ राजदूत याओ वेनसँग भेटमा शाहिदले बङ्गलादेशको विकासमा चीनले खेलेको भूमिकाको प्रशंसा गर्दै चीन बङ्गलादेशको सबैभन्दा असल मित्र र विकास साझेदार भएको बताउनुभयो। उहाँले चीनमा आँप निर्यातलाई बढावा दिएकामा चिनियाँ पक्षलाई धन्यवाद दिनुभयो।

याओले बङ्लादेशबाट चीनमा ताजा आँपको निर्यातलाई बढावा दिन र बङ्गलादेशलाई आलुसम्बन्धी रोग नियन्त्रण गर्न चीनले व्यावहारिक उपायहरू गर्ने बताउनुभयो।

चीनले थप बङ्गलादेशी कृषि प्राविधिकलाई चीनमा प्रशिक्षणका लागि आमन्त्रित गरी कृषिमा द्विपक्षीय सहयोगलाई मजबुत बनाई बङ्गलादेशलाई स्थिर आर्थिक र सामाजिक विकास हासिल गर्न मद्दत गर्ने अवसरहरू लिन चाहेको याओले उल्लेख गर्नुभयो।

मन्त्री शाहिदले चीनबाट धेरै (कृषि) मेसिनरीहरू आयात गर्दै आएको उल्लेख गर्दै यसको मात्रा बढाउने योजना बनाएको बैठकपछि फाइनान्सियल एक्सप्रेसलाई बताउनुभयो।

विशेष प्रकारका कृषि यन्त्रको आयात बढाउनका लागि प्रश्न गर्दा उहाँले कृषि उत्पादकत्व बढाउनका लागि आवश्यक पर्ने हार्वेस्टर र टिलरजस्ता कृषि यन्त्रलाई बढ्दो आयातमा समावेश गरिने बताउनुभयो।

# दक्षिण कोरियाको निर्यात मार्चमा सातौँ महिना पनि वृद्धि

सियोल, ३० अप्रिल (सिन्ह्वा)। स्थानीयरूपमा निर्मित प्राविधिक उत्पादनहरूको बलियो मागका कारण दक्षिण कोरियाको निर्यात मात्रा लगातार सातौँ महिनामा पनि बढेको केन्द्रीय बैङ्कको तथ्याङ्कले मङ्गलबार देखाएको छ।

बैङ्क अफ कोरियाका अनुसार निर्यात मात्रा सूचकाङ्क मार्चमा एक वर्षअघिको तुलनामा शून्य दशमलव एक प्रतिशतले बढेको छ र यो वृद्धि गत वर्षको सेप्टेम्बरदेखि जारी छ।

मात्राको सन्दर्भमा अर्धचालकसहित कम्प्युटर, इलेक्ट्रोनिक र अप्टिकल उपकरणहरूका लागि आउटबाउन्ड ढुवानी मार्चमा वार्षिक आधारमा १४ दशमलव तीन प्रतिशतले बढी लगातार आठौँ महिनामा बढ्दो प्रवृत्तिमा देखिएको छ। कपडा, प्राथमिक धातु उत्पादन र मेसिनरीका लागि निर्यात मात्रा दोहोरो अङ्कमा घटेको छ। गत वर्षको समान महिनाको तुलनामा मार्चमा निर्यात मूल्य सूचकाङ्क एक दशमलव एक प्रतिशतले बढेको छ।

# जापानमा आर्थिक वर्ष २०२३ मा रोजगारीको उपलब्धता घट्यो

टोकियो, ३० अप्रिल (सिन्ह्वा)। जापानको रोजगार उपलब्धता अनुपात आर्थिक वर्ष २०२३ मा तीन वर्षकै पहिलोपटक घटेको सरकारले मङ्गलबार एक रिपोर्टमार्फत जनाएको छ।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले गत वर्षको मार्च महिनाको तुलनामा रोजगार-आवेदक अनुपात शून्य दशमलव ०२ अङ्कले घटेर एक दशमलव २९ मा झरेको छ।

मार्चका लागि, रोजगार उपलब्धता अनुपात फेब्रुअरीदेखि शून्य दशमलव ०२ ले बढेर एक दशमलव २८ पुगेको थियो। यसले प्रत्येक एक सय जनाका लागि एक सय २८ रोजगारी उपलब्ध भएको जनाउँछ।

मन्त्रालयका अनुसार नयाँ रोजगारी खोज्ने मानिसहरूले आफ्नो हालको पदहरूमा तलब बढ्ने अनुमान गरेका कारण यो वृद्धि भएको हो।

मार्चमा कम रोजगारीको अवसर भएका क्षेत्रहरूमा निर्माण क्षेत्र १० दशलवलव आठ प्रतिशतले घटेको छ भने जीवनशैली र मनोरन्ञ्जन सेवा क्षेत्र र शिक्षा क्षेत्र दुवै १० दशमलव पाँच प्रतिशतले घटेको छ।

## विश्व सङ्क्षेप

### कोलम्बिया सेनाको हेलिकप्टर दुर्घटना हुँदा नौ सैनिकको मृत्यु

बोगोटा, ३० अप्रिल (सिन्ह्वा)। उत्तरी कोलम्बियामा सैनिकहरूलाई आपूर्ति गरेर फर्कने क्रममा सोमबार सेनाको हेलिकप्टर दुर्घटना हुँदा त्यसमा सवार नौ सैनिकको मृत्यु भएको कोलम्बियाको राष्ट्रिय सेनाले जनाएको छ।

हेलिकप्टरको दिउँसो बेससँग सम्पर्कविच्छेद भएको र खोजी गर्ने क्रममा बोलिभार प्रान्तको सान्ता रोजा नगरपालिका नजिकै दुर्घटनाग्रस्त भएको भेटिएको सेनाले विज्ञप्तिमा बताएको छ।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले सामाजिक सञ्जालमा यस दुःखद घटनाप्रति खेद व्यक्त गर्दै सेनाले खाडी क्लानविरुद्ध कारबाही गरिरहेको बताउनुभयो। गल्फ क्लानलाई कोलम्बियामा लागुऔषध ओसारपसार र हत्याको आरोपमा आपराधिक समूहका रूपमा चिनिन्छ।

### जी-७ मुलुक सन् २०३० मा चरणबद्धरूपमा कोइलाको प्रयोग समाप्त गर्न प्रतिबद्ध

रोम, ३० अप्रिल (सिन्ह्वा)। जि-७ का मुलुकहरू सन् २०३० को पहिलो छ महिनामा कोइलालाई चरणबद्धरूपमा हटाउने प्रतिबद्धता व्यक्त गर्न तयार रहेको स्थानीय सञ्चारमाध्यमले सोमबार रिपोर्ट गरेका छन्।

हाल इटालेली सहर टुरिनमा दुई दिने बैठकका लागि भेला भएका जी-७ मन्त्रीहरूले जलवायु, ऊर्जा र वातावरणका विषयमा छलफल गरिरहेका छन्।

सन् २०३० र सन् २०३५ को बिचमा ऊर्जाको स्रोतका रूपमा कोइला हटाउने मिति तय गर्नमा ध्यान केन्द्रित गर्दै उहाँहरूले मङ्गलबार आफ्नो प्रतिज्ञालाई अन्तिम रूप दिने अपेक्षा गरिएको इटालेली क्लास सिएनबिसीले रिपोर्ट गरेको छ। बेलायतका ऊर्जामन्त्री एन्ड्र्यु बोवीले भन्नुभयो, "हामीसँग सन् २०३० को पहिलो छ महिनामा कोइलालाई चरणबद्ध गर्ने सम्झौता भएको छ।"

जी-७ मा क्यानाडा, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, इटाली, संयुक्त अधिराज्य र जापान समावेश छन्। बैठकहरूमा सामान्यतया युरोपेली सङ्घ (इयु) का शीर्ष अधिकारीहरू उपस्थित हुन्छन्।

क्लाइमेट एनालिटिक्सको हालैको प्रतिवेदनले यीमध्ये कुनै पनि देशले सन् २०३० का लागि आफ्नो विद्यमान उत्सर्जन लक्ष्यहरू पूरा मार्गमा नभएको बताएको छ।

### बङ्गलादेशद्वारा हतियार प्रणालीमा एआई लागु नगर्न आह्वान

ढाका, ३० अप्रिल (सिन्ह्वा)। बङ्गलादेशका विदेशमन्त्री हसन महमुदले हतियार प्रणालीमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लागु नगर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको छ।

उहाँले कृषि, चिकित्सा विज्ञान, अन्तरिक्ष अन्वेषण, जलवायु परिवर्तन र रोजगारी सृजनाका क्षेत्रमा एआई प्रयोग गर्न आग्रह गर्नुभयो।

हसनले सोमबार भियनामा आयोजित 'ह्युम्यानिटी एट द क्रसरोड : अटोनोमस वेपन्स सिस्टम्स एन्ड द च्यालेन्ज अफ रेगुलेसन' शीर्षकको अन्तर्राष्ट्रिय सम्मेलनमा उक्त धारणा राख्नुभएको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विदेशमन्त्रीले स्वायत्त हतियार प्रणालीलाई प्रभावकारीरूपमा नियमन गर्न विश्वव्यापी मापदण्डहरू तय गर्न पनि सुझाव दिनुभयो। साथै मानवताको हितका लागि स्वायत्त हतियारलगायत कुनै पनि नयाँ हतियार त्याग्न सबैलाई आग्रह गर्नुभयो।


## शिक्षक आवश्यकता

यस चाँगुनारायण नगरपालिकाको प.सं. ०८०।०८१ च.नं. ३०४ (शिक्षा) मिति २०८१/०१/१६ गतेको अनुमतिको आधारमा यस विद्यालयको मिति २०८१/०१/१८ गतेको वि.व्य.स.को निर्णयबमोजिम माध्यमिक तह शिक्षण सहयोग अनुदान कोटा (गणित विषय) मा शिक्षक (सङ्ख्या १) पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलबमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपूर्वक दर्खास्त आह्वान गरिन्छ।

| विज्ञापन नं. | पद/तह | सङ्ख्या | शैक्षिक योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| ०३।२०८०।८१ | मा.वि. शिक्षण सहयोग अनुदान कोटा | १ | स्नातक वा सो सरह (मूल विषय गणित) | रु.१५००।- |

१. **आवश्यक कागजातहरू** : हस्तलिखित निवेदनका साथ फोटोसहितको बायोडाटा, नेपाली नागरिकता, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, शिक्षण अनुमति पत्रका प्रमाणित प्रतिलिपिहरू।
२. **उमेर** : दर्खास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. **दर्खास्त दिने अन्तिम मिति** : २०८१।०२।०१ गते, साँझ ४ बजेसम्म
४. **सम्पर्क मिति** : २०८१।०२।०२ गते।
५. **परीक्षा मिति** : सम्पर्क मितिमा जानकारी गराइनेछ।
६. **परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
७. **सेवा सुविधा** : चाँगुनारायण नगरपालिकाको शिक्षक अनुदानको नियमानुसार
८. **सम्पर्क नं.** ०५१४२१६६, ९८५११८८६८५
९. **निवेदन दिने समय** : बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म

**श्री बागेहिणी माध्यमिक विद्यालय**
चाँ.न.पा.-७, बागेश्वरी, सम्पर्क नं. ०५१४२१६६, ९८५१०५१७१६
इमेल : *shreebagehini111@gmail.com*

# ‘भाग्यले ठगेको दिन सम्झन चाहन्नन् ऋषि’

- प्रेमनारायण आचार्य

अर्घाखाँची । नौ वर्षअघिको कहालीलाग्दो घटना सम्झिँदा अर्घाखाँचीको भूमिकास्थान नगरपालिका–१ ढाकाबाङ्ग साम्ने गाउँका ऋषि खनाल अहिले पनि झस्किनुहुन्छ । जिन्दगीमा आफूमाथि ठुलो बज्रपात भएको र दैवले आफूलाई ठगेको दिनको सम्झना नआए पनि हुन्थ्यो भन्ने लाग्छ तर बेलाबेलामा झस्काइरहन्छ उहाँलाई ।

विदेश जाने भनेर घरबाट निस्कनुभएका उहाँ विदेश पुग्न त पाउनुभएन, झण्डै यस संसारबाटै सदाको लागि बिदा हुनुपरेको थियो । विदेशमा गएर धन कमाएर परिवारलाई सुखसँग पाल्ने उहाँको सपना त पूरा भएन नै । विदेश जान हिँडेकै कारण स्वदेशमै बसेर गरिखाने खुट्टा पनि गुमाउनुपर्‍यो । भाग्यले बाँचेका ऋषि अहिले आफू र परिवारलाई कसरी बचाउने भन्ने चिन्तामा हुनुहुन्छ । दुईवटा वैशाखीको भरमा उहाँको जिन्दगी चलिरहेको छ ।

विदेश जानका लागि उहाँ काठमाडौँ पुगिसक्नुभएको थियो । २०७२ वैशाख १४ गते उहाँको उडान थियो । हवाई टिकट र मेडिकल रिपोर्ट पनि आइसकेको थियो । दिउँसो नयाँबानेश्वरमा साथी भेट्ने योजना बनिसकेकाले बिहान होटलमा खाना खाएर बाहिर निस्कनै लाग्दा सिङ्गो घरै घुम्न थाल्यो । रिङ्गटा लागेर भाउन्न भएजस्तो भयो । खै के भएको हो कुरा नबुझ्दै उहाँ बस्नुभएको गोङ्गबु नयाँबसर्पाकस्थित सयपत्री होटलको भवन गर्ल्याम्मै ढल्यो ।

अलिपछि थाहा पाउँदा ऋषि खनाललाई कुनै अँध्यारो गुफाभित्र बसेजस्तो भयो । अनि देब्रे खुट्टा शरीरबाट छुट्टिएजस्तो लाग्यो । अँध्यारोमा छामछाम छुमछुम गर्दा छेवैमा कोही भेटिएजस्तो लाग्यो, तर बोली कसैको आएन । आफू बसेको होटल लडेको र आफू त्यसमै च्यापिएको उहाँलाई थाहा भयो । उहाँ सम्झनुहुन्छ, “सक्दो चिच्याए । तर, अहँ कसैले सुनेन ।” अवस्था सुन्ने खालको पनि त थिएन ।

वैशाख १२ गतेको भूकम्पमा गोङ्गबु क्षेत्रमा धेरै घर भत्किएका थिए । अवस्था कस्तो थियो भने उहाँ होसमा आएको केही घण्टामा मोबाइल बज्यो तर मोबाइल झिक्न हात गोजीसम्म पुर्‍याउन सक्ने अवस्था नै थिएन । भोक प्यासको कुनै सीमा नै थिएन । बाँच्नका लागि हरसम्भव उपाय गर्दा पनि कुनै विकल्प थिएन । मर्नुभन्दा बौलाउनु निको भनेझैँ उहाँले कतिपटक त आफ्नै पिसाब पिएर पनि प्यास मेट्नुपर्‍यो ।

जतिबेला होसमा आउनुभएको थियो, त्यसपछि बाहिर निस्कन अनेक कोसिस गर्दा सम्भव थिएन । बिस्तारै केही आवाज आएजस्तो सुनिन्थ्यो । अब त बाँचिन्छ कि भन्ने आश पलाउँथ्यो, उहाँ गुहार माग्दै चिच्याउनुहुन्थ्यो तर बाहिर कसैले सुन्न सक्ने अवस्था थिएन । पछि थाहा भयो, त्यो आवाज घर भत्काउन आएको डोजरको थियो । डोजरको आवाज सुन्दा पनि उहाँलाई भगवान् आएजस्तो लाग्थ्यो ।

दिनरात कुनै याद भएन । उहाँको अनुमानमा दुई दिनपछि केही शव गन्हाउन थालेका थिए । तर, बिस्तारै नाकले गन्ध पनि खुट्याउन छोडेको थियो । बेलाबेलामा त दिमागले पनि काम नगरेजस्तो भयो । पुरिएका बेला सबैभन्दा धेरै याद आमा र छोराको आएको उहाँ बताउनुहुन्छ । पुरिएको तीन दिनसम्म पनि आफ्नो उद्धार गर्न आउने मानिसको चाल नपाएपछि उहाँलाई बाँच्ने आश मरिसकेको थियो । उहाँलाई अब कोही उद्धार गर्न आउँछन् भन्ने पनि लाग्न छाडेको थियो ।

बेला-बेलामा आउने आवाजको पनि विश्वास लाग्न छाड्यो । शरीर पूरै सेतो भइसक्यो, छाम्दा पनि छाला नै आउँलाजस्तो लाग्थ्यो । “मानिस एकदिन मर्छ भन्ने सबैलाई थाहा छ । तर, अब म मर्दैछु भन्ने अनुभूति हुँदा पनि केही गर्न नसक्दाको पीडा निकै कष्टदायी हुने रहेछ,” उहाँ भन्नुहुन्छ ।

तीन दिनपछि अचानक कतैबाट उज्यालोका किरण उहाँको आङसम्म परे । कस्तो अचम्म । अब मर्दैछु भनेर आशै मारिसकेको जीवनले नयाँ किरण देख्न पाउँलाजस्तो भयो । उहाँ सम्झनुहुन्छ, “म बोल्न सक्ने अवस्थामा थिइन । बिस्तारै जीवनका किरण छिराएको त्यो प्वाल अलि ठुलो भयो । कोही बोल्यो, ‘ए ए यहाँ त कोही जिउँदै भेटिएला जस्तो छ । लाइट ल्याउ, लाइट ल्याउ, अक्सिजन ल्याउ’ आदि-आदि ।”

अलिबेरमा उहाँलाई एउटा पाइपबाट अक्सिजन आयो । अक्सिजन आउन थालेपछि खाना खाएजस्तो लागेको उहाँ सम्झनुहुन्छ । सशस्त्र प्रहरी र नेपाली सेनाले बनाएका प्वाल केहीबेरमा ठुलो भयो । कसैले उहाँको मुखसम्म पानी पुर्‍यायो । झन्डै ८२ घण्टासम्म घरभित्र च्यापिएर बसेको मानिस जसले केहीपल्ट आफ्नै पिसाब पियो उसको मुखमा पानी पर्दा कस्तो अनुभव हुँदो हो ? यसको केवल अनुमानमात्र गर्न सकिन्छ ।

वैशाख १२ गते पुरिनुभएका ऋषिको १६ गते उद्धार भएको थियो । ऋषिलाई बाहिरी दुनियाँमा आउँदा संसार जितेजस्तो लाग्यो । उहाँसँग बाँच्नको लागि पुग्दो आत्मबल थियो । उहाँ भन्नुहुन्छ, “खुट्टा नथिचिएको भए दाँतले कोट्याएर भए पनि म बाहिर निस्कन्थे होला ।” ऋषिले राति १२ बजे घरमा फोन गरे । आमाको बोली सुन्दा आवाजै निस्केन । श्रीमतीसँगको फोन वार्तामा पनि मात्र सुकसुक निस्कियो ।

गोङ्गबुमा रहेको भूकम्पले भत्किएको साततले गेष्ट हाउसले च्यापिएका जीवितै उद्धार भएको विभिन्न सञ्चारमाध्यममा समाचार पनि बन्यो । सशस्त्र प्रहरी र फ्रान्सको खोजी तथा उद्धार टोलीको १० घण्टा लामो प्रयासपछि खनालको उद्धार गरेको थियो । अहिले उहाँलाई पुर्नजीवन पाएकामा खुसीको कुनै सीमा त छैन नै तर त्यसले मात्रै छाक टर्ने रहनेछ । अहिले बाँच्नका लागि पनि उत्तिकै सङ्घर्ष गरिरहनुपरेको छ । अहिले आफूलाई दैनिक जीवन गुजारा कसरी गर्ने र आफ्नो छोरालाई कसरी पढाउने भन्ने चिन्ताले पिरोलिरहेको उहाँको भनाइ छ । कहिलेकाहीँ त उहाँलाई लाग्छ, ‘बरु उति नै बेला मरेको भए शुक्रबारसम्म घरकाले पनि बिर्सन्थे होलान् ।’

उपचारका लागि उहाँ पटक-पटक काठमाडौँ जानुपरेको थियो । उहाँको उपचारको क्रममा एउटा खुट्टा काटिएको छ । त्यतिबेला उपचार खर्च त सरकारले व्यहोरेको थियो तर काठमाडौँ आउजाउ, औषधि खर्च गर्दा रु. पाँच लाखभन्दा बढी खर्च लागेको छ । विगत भुल्ने प्रयास गरे पनि ऋषिलाई भविष्यकै चिन्ता छ । उहाँलाई कुनै सीप सिकेर जीविकोपार्जन गर्न पाए हुन्थ्यो भन्ने लाग्दछ । काठमाडौँमा विभिन्न सङ्घसंस्थाले निःशुल्क सीपमूलक तालिम दिने बताएका थिए तर ती संस्थाले सम्पर्क नै गरेनन्, कसैको आश गर्नुभन्दा स्वावलम्बी भएर बाँच्ने इच्छा छ ऋषिको ।

काठमाडौँमा भाडा तिरेर बस्ने र बिहान बेलुका खाने स्रोतसमेत जुटाउन नसकेर आफूजस्तै साथीहरूले सीपमूलक तालिम लिन नसकेको उहाँले बताउनुभयो । “खानेबस्ने व्यवस्था गरिदिए भूकम्पमा परेर अङ्गभङ्ग भएकाहरूले सीप सिकेर केही काम गरेर खान सक्ने थियौँ,” उहाँ भन्नुहुन्छ । सरकारले अपाङ्गहरूलाई केही गरेर भए पनि ढुक्कसँग जीवन जिउने वातावरण मिलाइदिनुपर्ने उहाँको माग छ ।

उहाँलाई कतैबाट सहयोग त आएन नै, सामान्य प्रक्रियाबाट पाइने अपाङ्ग परिचयपत्रसमेत उहाँले अहिलेसम्म पाउनुभएको छैन । “अपाङ्ग परिचयपत्र पनि पाउन नसक्ने हामी कति अभागी । ‘क’ वर्गको परिचयपत्र भए रु. चार हजार मासिक त आउने थियो त्यही पनि छैन । कसले हेर्छ र हामीलाई ? सरकार र विभिन्न सङ्घसंस्थाले सहयोग गर्छ भनेर भन्छ, खै त हामीलाई सहयोग गरेको ?” आँखाभरि आँसु पार्दै उहाँले भन्नुभयो ।

उहाँका दुई छोरा गाउँको बाल शिक्षा माध्यमिक विद्यालयमा पढ्छन् । जेठो छोरा कक्षा ४ मा र सानो छोरा बाल शिक्षा पढ्दैछन् । “मेरो बारेमा प्रचार सामग्री बनाएर धेरैले लाखौँ आम्दानी गरेका छन्,” आफ्नो दुःखकष्ट बेचेर धेरैजना लखपति भए पनि आफूलाई कसैले पनि सहयोग नगरेको ऋषिको गुनासो छ । उहाँले भन्नुभयो, “भेटेको बेला सबैले सहयोग गर्छौं भन्छन् तर कसैले गर्दैनन् । गाउँमा बसेको छु विदेश पनि जान सकिन । गोरखा भूकम्पले मेरो जीवन अधकल्चो पार्‍यो ।” ***रासस***

---

***संरा...***

आफ्नो पक्षमा लिन र नाफा खान अखबार चलाउन दिएको हुन्छ । ती पुँजीपतिवर्ग र प्रतिक्रियावादी अखबारहरू मिलेर हडताललाई निर्दयतापूर्वक दबाउने निधो गरे र सोअनुसार तयारी गरे । बाहिरबाट थुप्रै सिपाही, पुलिस, डाकु, गुण्डा र जासुसहरू ल्याएर शिकागो सहर भरिदिए । पुँजीवादी अखबारहरूले लेख्न थाले ‘सडकको हरेक बत्तीको खम्बालाई एक कम्युनिस्टको लासले सिँगार्नुपर्छ ।’ प्रतिक्रियावादी अखबारहरूले माग गरे- ‘हुलदङ्गालाई गोली र तिनीहरूका नेतालाई डोरी ।’ शिकागोका मजदुरवर्ग पुँजीपतिवर्गको त्यो धम्कीबाट पछि हट्ने कुरै थिएन । आफूलाई पशुसरह व्यवहार गर्ने शोषण र अन्याय अत्याचार गर्ने वर्ग शत्रुलाई मजदुरहरू साह्रै घृणा गर्थे । वर्ग शत्रुको विरोधमा लड्न तिनीहरूको रगत उम्लिरहेको थियो ।

पहिलो मई १८८६ को दिन थियो । देशभर हडताल सुरु भयो । ८ घण्टाको कामको दिन सारा मजदुरवर्गको माग थियो । हजारौँ हजार मजदुरहरू हडतालमा भाग लिँदै थिए । शिकागो सहरका मजदुरवर्ग वर्गसङ्घर्षको मोहडामा थियो । ४० हजार मजदुरहरूले हडतालमा भाग लिए । शिकागोको वातावरण डरलाग्दो थियो । मजदुर वर्गमा क्रान्तिकारी जोश भरिएको थियो । पुँजीपतिवर्ग र त्यसका सिपाही, पुलिस, डाँकु, गुण्डा र जासुस पिछलग्गूहरू हिंस्रक पशुहरूजस्तै निहुँ खोज्दै थिए । हडताल दोस्रो दिन पनि चल्यो । हडताली मजदुरहरूको सङ्ख्या बढ्दै गयो । एक दुई दिनभित्रै हडताली मजदुरहरूको सङ्ख्या ८० हजार पुग्यो । पहिलो र दोस्रो मईको हडताल शान्तिपूर्ण ढङ्गले टुङ्गियो ।

३ मईको दिन पूर्ण हडताल चालु रह्यो । हरेक मजदुरको मुखमा ‘८ घण्टाको कामको दिन’ थियो । पुलिसले निःशस्त्र हडताली मजदुरहरूमाथि गोली चलायो । यो पुँजीपतिवर्गको पहिलेदेखिको कालो योजना थियो । पुलिसको गोलीले ५ जना मजदुरहरू मारिए र ५० जवान मजदुरहरू गम्भीररूपले घाइते भए । त्यस घटनाले शिकागोको स्थिति झन् चर्किन गयो । मजदुरवर्गमा वर्ग शत्रुको विरोधमा बदलाको भावना जाग्नु स्वाभाविक थियो ।

४ मईको दिन मजदुरहरूले गोलीकाण्डको विरोधमा एक विरोधसभा आयोजना गरे । विरोधसभा एउटा ठुलो जनसभा थियो । सभामा पुलिसको एक ठुलो दलले पहरा दिइरहेको थियो । त्यसैबेला पुलिसकै भड्काउने दलालले पुलिस दलमाथि एक बम फ्याँकिदियो । त्यस बमले ७ जवान पुलिसहरू मारिए । प्रतिक्रियावादीवर्ग निहुँ खोज्दै थियो । निहुँ पाइहाल्यो । निहुँ पाउनासाथै पुलिसले मजदुर र जनताका सभामाथि दनादन गोली हान्न थाल्यो । त्यस गोलीकाण्डमा धेरै मजदुरहरू मारिए र अनगिन्ती मानिसहरू घाइते भए । प्रशासकहरूले हडताल र मजदुर आन्दोलनका नेताहरूलाई पक्राउ गरे । पुलिसमाथि बम फ्याँक्ने पुँजीपतिवर्गकै दलाल थियो । त्यो पुँजीपतिवर्ग र सरकारले नै गर्न दिएको थियो । त्यो मजदुर आन्दोलन दबाउने एक निहुँ थापेको मात्र थियो ।

सरकारले त्यस बम काण्डको आरोप मजदुर नेताहरूलाई दियो र तिनीहरूको विरोधमा मुद्दा चलायो । त्यो सरकारको आफ्नो अपराध लुकाउने एक छलमात्रै थियो । सरजमिन भयो । जासुस र भड्काउने काम गर्न पालेका भतुवाहरू सर्जमिनमा सरकारी साक्षी थिए । ती साक्षी सबै पैसाको



भरमा झूटा बयान दिन्थे । त्यो त सरकारले आफ्नो पक्ष बलियो पार्न र मजदुर आन्दोलन दबाउन अदालती अङ्ग मात्रै पूरा गरेको थियो ।

मजदुर नेताहरू अदालतमा उभ्याइए । आफ्नो बयानमा एक अभियुक्त मजदुर नेताले भने, ‘तिमीहरू मलाई फाँसी दिएर दुःखकष्टमा बाँचिरहेका लाखौँ–करोडौँ थिचिएका कामदार जनताको आन्दोलनलाई रोक्न सकिन्छ भनेर सोच्छौ र यही तिमीहरूको धारणा छ भने हामीलाई झुन्ड्याऊ तर तिमीहरूले थाहा पाउनुपर्छ कि तिमीहरूले एक टुक्रो फिलिँगोलाई मात्र कुल्चँदै छौ, जसको ज्वाला तिम्रो पछाडि जहाँतहाँ दनदन दन्किरहेछ । त्यो ज्वाला जनताको बिचबाट दन्किरहेको छ र त्यसलाई निभाउने तिमीहरूको तागत छैन ।...’

पुँजीवादी न्यायालयले हडताली मजदुर नेताहरूमध्ये ४ जवानलाई फाँसी दिने फैसला गर्‍यो । वास्तवमा त्यो फैसलाले न्यायको हाँसो उडाएको थियो । न्यायको सबभन्दा तल्लो सिद्धान्तकै हत्या थियो । जनताको शत्रु पुँजीपतिवर्गले ४ जवान हडताली मजदुर नेताहरूलाई फाँसी दिएरै छोड्यो । तर, न्यायालयमा हडताली मजदुरहरूले ठुलो वीरता देखाए । तिनीहरू पुँजीवादी व्यवस्थाको अगाडि अलिकति पनि झुकेनन् । तिनीहरू पहिलेभन्दा जिउँदो र जोशिला देखिन्थे । तिनीहरूमा पश्चाताप र दुःखको सट्टा वर्ग शत्रुप्रति घृणाको भावना भरिएको थियो । तिनीहरूको वीरताले गर्दा सारा देशका प्रगतिशील जनताको सहानुभूति हडताली मजदुरले पाए ।

४ जवान हडताली मजदुर नेताहरूलाई फाँसी दिएको समाचार बिजुलीजस्तै छिटो संसारमा फैलियो । सारा संसारका मजदुरवर्ग रिसले उठे । सारा संसारका मजदुरवर्ग पुँजीपतिवर्गसँग बदला लिन सङ्घर्षमा अगाडि बढे । १८८९ मा पेरिसमा संसारका मजदुरहरूका प्रतिनिधिहरूको एक बैठकले १ मईलाई अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउने निधो गर्‍यो । त्यसअनुसार १ मई १८९० मा युरोपका सबैजसो देशहरूमा ८ घण्टा कामको दिन माग लिएर प्रदर्शनहरू भए । लण्डनमा पनि मईको पहिलो आइतबारको दिन मजदुरवर्गको प्रदर्शन भएको थियो । त्यसमा एङ्गेल्सले पनि भाग लिनुभयो । प्रदर्शनलाई देखेर उहाँले भन्नुभयो, “लण्डनमा यो हाम्रो पहिलो विजय हो ।” विभिन्न देशका लाखौँ मजदुरहरूको प्रदर्शन देखेर एङ्गेल्स साह्रै खुसी हुनुभयो ।

तर, त्यस दमनले अमेरिकी सर्वहाराको सङ्घर्ष रोकिएन, न त यो आन्दोलन र बलिदान नै खेर गयो । फाँसी दिएको ७ वर्षपछि सरकार होसमा आयो र अनुभव गर्‍यो, त्यो फैसलामा ‘न्यायको हत्या’ भएको छ तर समय चुकिसकेको थियो । निर्दोष मानिसहरू झुन्ड्याइ सकिएको थियो । निर्दोष मानिसहरूले सजाय पाए । अपराधीहरूले इनाम पाए । पुँजीवादी व्यवस्थाको मुख्य विशेषता नै त्यही थियो ।

तर, सङ्घर्ष र बलिदान खेर गएन । एङ्गेल्सले त्यसलाई अमेरिकी मजदुरवर्गको विकासको वास्तविक थालनी भन्नुभयो । अमेरिकी समाजवादीहरूले व्यापक मजदुरवर्गको सङ्घर्ष र इच्छामा ध्यान दिनुपर्छ र तिनीहरूको एक स्वतन्त्र राजनैतिक पार्टी हुनुपर्दछ भनेर बताउनुभयो । त्यस सङ्घर्षले ८ घण्टाको कामको दिन निश्चित भयो । मजदुरवर्गको त्यो ठुलो विजय थियो । ५० हजार मजदुरहरूले ८ घण्टाको कामको दिनको अधिकार पाए । अरू बाँकी मजदुरहरूको पनि कामका घण्टाहरू छोटिँदै गए ।

त्यसबेलादेखि १ मईलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाइन्छ । त्यसदिन संसारका हरेक देश र सहरका मजदुरहरूले त्यस दिवसलाई हडताल, सभा, जुलुस र सङ्घर्ष गरेर मनाउँछन् ।

### संरा अमेरिकामा मजदुर आन्दोलनका बाधाहरू

८ घण्टा कामको दिन, बढी ज्याला र अरू सुविधाहरू महजदुरहरूले पाउँदै गएका छन् । तर, संरा अमेरिकामा मजदुर आन्दोलनले चर्को रूप लिन सकेन र मजदुर क्रान्तिबाट समाजवादको स्थापना हुन सकेन । किन ? यसबारे अध्ययन गर्नु खाँचो पर्दो कुरा हो ।

संरा अमेरिकाको पुँजीको विकासमा आफ्नै विशेषता थियो । ती विशेषताहरूले मजदुर आन्दोलनमा असर पार्नु स्वाभाविक थियो । मार्क्स र एङ्गेल्सले त्यहाँको ‘बञ्जर जग्गा अथवा आवाद नगरिएका जग्गा नै मजदुर आन्दोलनको मुख्य बाधा’ देख्नुभएको थियो । बेलायतमा मजदुर आन्दोलन दबाउँदा पुँजीपतिवर्गले मजदुरहरूलाई नयाँ-नयाँ उपनिवेशहरूमा पठाइन्थ्यो । उपनिवेशका जनताको शोषणबाट आएको केही रकमले बेलायतका मजदुरहरूको ज्याला बढाइ दिन्थ्यो र माथिल्ला मजदुरलाई बढी ज्याला दिएर निस्क्रिय पार्थे । युरोपमा जग्गाको कमी थियो । तर, अमेरिकाको पश्चिमी भागमा मनग्य नजोतिएको जग्गा बाँकी नै थियो । त्यसकारण, १८९० तिर धेरै अमेरिकी सहरहरूको बढी जनसङ्ख्यालाई अमेरिकाको पश्चिमी भागतिर जग्गा आवाद गर्न पठाइयो । १९ औँ शताब्दीमा अमेरिकी मजदुरहरू पश्चिमतिर जान लागे र जग्गा पाएर तिनीहरू किसान बने । त्यसकारण, बीसौँ शताब्दीमा मात्रै संरा अमेरिकामा एक स्थायी मजदुर आन्दोलन सुरु भयो । तर, पनि मजदुर आन्दोलन बलियो हुन सकेन, किनभने मजदुरहरू पश्चिमतिर जग्गा लिन जाँदा कहिलेकाहीँ पूर्वतिर श्रमशक्तिको कमी हुन्थ्यो । श्रमशक्तिको कमीले ज्यालाको भाउ बढ्थ्यो । तर, पुँजीपतिवर्गले श्रमशक्तिको कमीलाई मेसिनले पूरा गरेर माथिल्ला मजदुरहरूको ज्यालालाई बढाइ दिए । कहिलेकाहीँ त्यो ज्याला युरोपका मजदुरहरूको भन्दा बढी हुन्थ्यो ।

मजदुर आन्दोलनको अर्को बाधा संरा अमेरिकी मजदुरवर्ग बहुजातीय हुनु हो । त्यहाँ पुस्तौँदेखि युरोपका विभिन्न देशका गोरा मजदुरहरूले बसोबास गरेका छन् । तिनीहरू विभिन्न भाषा बोल्दछन् । त्यस्तै खेती र उद्योगको विकास गर्न अफ्रिकाबाट पहिले हजारौँ अफ्रिकी वा हब्सीहरू अमेरिकामा दासको रूपमा ल्याइएका थिए । अमेरिकी हब्सीहरूलाई अफ्रो अमेरिकी पनि भन्ने गरिन्छ । तिनीहरूको पुस्ता अहिले मजदुरहरूको रूपमा कायमै छन् । त्यस्तै, चीन र अरू विभिन्न देशका मजदुरहरू पनि अमेरिकामा छन् । यसप्रकार संरा अमेरिकाको मजदुरवर्ग विभिन्न भाषा, संस्कृति र देशहरूबाट आएका हुनाले तिनीहरूको सोचाइ र रङ्गढङ्गमा पनि भिन्नता हुनु स्वाभाविक कुरा हो । अमेरिकी पुँजीपतिवर्ग त्यही विभिन्नताबाट फाइदा उठाई मजदुरवर्गमा फुट ल्याउन सफल भएको थियो ।

पुँजीपतिवर्ग एउटा जाति र भाषाका मजदुरहरूलाई अर्को जाति र भाषाका मजदुरहरूको विरोधमा झगडा लगाउँथ्यो । गोरा वा स्थानीय अमेरिकी मजदुरहरूलाई विदेशी वा ‘रङ्गीन छाला’ भएको हब्सी, चिनियाँ र अरू जाति र देशका मजदुरहरूको विरोधमा झगडा लगाउँथ्यो । गोरा मजदुरहरूलाई ‘रङ्गीन छाला’ का मजदुरहरूभन्दा माथिल्ला जातका हुन्छन् भन्ने भावना फैलाएर मजदुरवर्गमा फुट र आपसी भेदभाव बढाउँथ्यो । विदेशी वा प्रवासी मजदुरहरूको वृद्धिले संरा अमेरिकामा श्रमशक्ति बढी हुन्छ, बढी श्रमशक्ति भएपछि अमेरिकी वा गोरा मजदुरहरूको पनि ज्याला घट्छ भनेर पुँजीपतिवर्गले अमेरिकी मजदुरहरूलाई भड्काउँथ्यो । आफ्नो ज्याला घट्ला भनिने अमेरिकी मजदुरहरूको डरबाट संरा अमेरिकी पुँजीपतिवर्गले फाइदा उठाउँथ्यो ।

अर्कोतिर अमेरिकी पुँजीपतिवर्ग प्रवासी वा हब्सी मजदुरहरूलाई कम ज्याला दिएर बढी शोषण पनि गर्थ्यो, माथिल्ला मजदुरहरूलाई ज्याला बढाएर घुस दिन्थ्यो र तिनीहरूलाई अनेक सहुलियत दिएर एक प्रकारको श्रमिक राजा-रजौटा र कुलिन वर्ग तयार गर्थ्यो । त्यसप्रकार मजदुरवर्गमा अनेक जालझेल र भेदभाव ल्याएर अमेरिकी मजदुर आन्दोलनलाई असफल तुल्याइएको थियो ।

संरा अमेरिकामा सबभन्दा पहिलो मार्क्सवादी मजदुर सङ्गठनहरू बनाउनेहरूमा मार्क्सका साथी बेडेमेयर हुनुहुन्थ्यो । १८५० तिर उहाँ अमेरिकामा सङ्गठन गर्न जानुभएको थियो । बेडेमेयरले १८४८ को जर्मनीको क्रान्तिमा भाग लिनुभएको थियो । उहाँ कम्युनिस्ट लिगको सदस्य पनि हुनुहुन्थ्यो । उहाँले अमेरिकामा मार्क्सवादी सङ्गठनहरू बनाउन धेरै साथीहरू बनाउनुभएको थियो । उहाँ सफल हुनु भएन । तर, पनि उहाँको मेहनत खेर गएन ।

***स्रोत : ‘विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू’ बाट***

# देवी माध्यमिक विद्यालय

चाँगुनारायण नगरपालिका-९, सौडोल, भक्तपुर

## क्याटलग सपिङ विधिबाट सवारीसाधन खरिदसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१८

यस विद्यालयका लागि एक थान ३०+१ सिटर स्कुल बस आवश्यक परेकोले र सोको लागि चाँगुनारायण नगरपालिकाको चालु आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रममा यस विद्यालयलाई एक थान स्कुल बस खरिदको लागि अनुदान दिने भएकोले नेपाल सरकारबाट आवश्यक कर छुट माग गरी करछुट पछिको हुन जाने न्यूनतम लागत मूल्यमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १(कड) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम ३१ख बमोजिम क्याटलग सपिङ विधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र नवीकरण भएको इजाजत पत्र, आयकर र मूल्य अभिवृद्धि करदाता दर्ता प्रमाणपत्र र गत आ.व.को करचुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरूसमेत राखी उत्पादकको बसको आधिकारिक स्पेसीफिकेसन, गुणस्तर, मूल्य तथा सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर)हरू समावेश गरी सिलबन्दी प्रस्ताव (निवेदन) सहित मिति २०८१/०१/२८ गते दिनको १:०० बजेभित्र विद्यालय प्रशासनमा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी तथा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारबाही हुनेछैन। प्राप्त प्रस्तावहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा निहित रहने छ। यससम्बन्धी विस्तृत जानकारी विद्यालयबाट लिन सकिनेछ।

**सवारी साधनको सङ्क्षिप्त विवरण**

| Contract no | Type of Vehicle | General Specification | Quantity | Remark |
|---|---|---|---|---|
| 2080/81/01 | Right hand driver layout model bus 30+1D capacity (3*2) | -Maximum rated power output not less than 70 HP@optimum RPM<br>-Air Brake with Manufactured fitted ABS. | 1 Unit | For detail Specification, please contact school administration |



# हार्दिक समवेदना



जन्म
१९९०/०६/३०

निधन
२०८१/०१/०८

लक्ष्मीमाया कासिछ्वा

हाम्रा अनन्य सहयोगी मित्र एवं जिल्ला खेलकुद विकास समिति भक्तपुरका निवर्तमान अध्यक्ष र वाग्मती प्रदेश खेलकुद परिषद्का सदस्य श्रीभक्त कासिछ्वाकी ममतामयी माता **लक्ष्मीमाया कासिछ्वा**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्ति एवं मृतकको शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ब्यासी ब्याडमिन्टन क्लब**

**ब्यासी युवा समूह**


# राकममा प्रशिक्षण

दैलेख, १८ वैशाख। नेपाल मजदुर किसान पार्टी आठबीस नगर समितिले सोमबार राकममा १३५ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम सम्पन्न गर्‍यो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईंले आदिम साम्यवादपछि आजसम्मको समाज विकासको इतिहास वर्गसङ्घर्षको इतिहास हो भन्नुभयो।

निजी सम्पत्तिको विकाससँगै वर्गीय भेद देखा परेको चर्चा गर्दै संयोजक गोसाईंले नाफाको लागि पुँजीपतिवर्गले उपनिवेश चलाई कामदार जनतालाई शोषण गरेको बताउनुभयो।

सामन्तवादी व्यवस्थाको उत्पादन प्रणालीले समाजमा परिवारलाई संयुक्त बनाइराखेको चर्चा गर्दै संयोजक गोसाईंले पुँजीवादी व्यवस्थाको उत्पादन प्रणालीले हरेक परिवारलाई टुक्रा टुक्रा पार्छ भन्नुभयो।

नेमकिपा आठबीस नगर समितिका अध्यक्ष जयबहादुर बडुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासी र नवीन सिजापतिले पनि बोल्नुभएको थियो।


# लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

ईताछेँ-२, भक्तपुर, फोन नं. ०१-६६१९०६८

## ऋण चुक्ता गर्न आउनेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१ वैशाख १९ गते

यस सहकारी संस्थाबाट तपसिलबमोजिमको ऋणी सदस्यले व्यवसायिक ऋण शीर्षकमा ऋण लिई उपभोग गरेकोमा संस्थालाई नियमानुसार बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जाना भुक्तानी नभएको तथा भुक्तानीको लागि संस्थाको ऋण नीतिको भाखा नाघेको ऋण असुली प्रक्रियाअनुसार पत्र, फोन र प्रत्यक्ष सम्पर्कबाट ताकेता गर्दासमेत हालसम्म पनि ऋणको सावाँ, ब्याज र हर्जाना भुक्तानी गर्न नआएको हुँदा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र पनि संस्थामा उपस्थित भई ऋणको सम्पूर्ण बाँकी बक्यौता नतिरेमा संस्थाको ऋण नीति एवं सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुसार कार्यबाही अगाडि बढाउने व्यहोरा सूचित गरिन्छ।

| क्र.सं. | ऋणीको विवरण | | धितोमा रहेको सम्पत्ति तथा जमानी बसिदिनेको विवरण |
|---|---|---|---|
| १. | **नाम थर** : ललितबहादुर दहाल<br>**सदस्य नं.** १३००<br>**ठेगाना** : दोलखा, मिर्गे गा.वि.स.-६ (हाल चाँ.न.पा.-८)<br>**बुबाको नाम** : मानबहादुर खत्री दहाल<br>**बाजेको नाम** : चिन्तामणी खत्री दहाल |  | **नाम** : बोचकुमारी कार्की दहाल<br>**ठेगाना** : भक्तपुर जिल्ला, दुवाकोट-८ क, हाल चाँ.न.पा-८<br>**कित्ता नं.** १०७० को<br>**क्षेत्रफल** : ०-३-१-०<br>**बाबु/पतिको नाम** : जितबहादुर कार्की/ ललितबहादुर दहाल |



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

# ख्वप कलेज

भ.न.पा. ६, देकोचा, भक्तपुर

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०१/१९

शिक्षा विकास निर्देशनालय, वाग्मती प्रदेश, हेटौंडाबाट ख्वप कलेजको शैक्षिक वृद्धि तथा क्षमता विकास गर्नको लागि प्राप्त अनुदान रकमबाट कलेजमा E-Library व्यवस्थापन गर्न आवश्यक डेस्कटप कम्प्युटर र फर्निचरहरू खरिदको लागि सिलबन्दी दरभाउपत्र/दरभाउपत्र आह्वानको सूचनाअनुसार दर्ता भएका तपसिल दरभाउपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, नियमानुसार सम्बन्धित सरोकारवाला दरभाउपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | ठेक्का नं. | कबोल अङ्क भ्याटबाहेक | छनोट भएको दरभाउपत्रदाता |
|---|---|---|---|
| Supply and Delivery Desktop Computer | Khwopass/SQ/080/81/DC | NRs. 7,84,000. | H.M. Group of Company Pvt. Ltd. |
| Supply and Delivery of Furniture | Direct Purchase (Priced Quotation) | NRs. 1,28,800. | Shubham Interior & Suppliers |



# उदय बचत तथा ऋण सहकारी संस्था लि.

लिबाली-८, भक्तपुर, फोन नं. ०१-५१२२१७०

## कर्जा चुक्ता गर्नेसम्बन्धी ३५ दिने दोस्रो सार्वजनिक सूचना

तपसिलबमोजिमका ऋणी सदस्यहरूले यस संस्थाबाट लिएको ऋण/सावाँ/ब्याजलगायतका अन्य दस्तुरसमेत यस संस्थासँगको सर्तबमोजिम समय-समयमा तिर्नु बुझाउनुपर्नेमा नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नुभएकोले पटक-पटक मौखिक, लिखित तरताकेता गर्दा समेत सो कर्जा चुक्ता गर्ने सम्बन्धमा राष्ट्रय दैनिक पत्रिकामा मिति २०८० साल असार १८ गते ३५ दिने सूचना प्रकाशित गर्दा पनि कुनै चासो नगर्नुभएकोले पुन: यो कर्जा चुक्ता गर्नेसम्बन्धी ३५ दिने दोस्रो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण सावाँ/ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा अन्य प्रचलित ऐन कानुनबमोजिम यस संस्थाले आफ्नो लेना रकम असुलउपर गरिनुका साथै ऋणी तथा जमानीकर्ताहरूको नाम कालोसूचीमा समेत समावेश गर्ने र धितो सुरक्षण राखिएको घर/जग्गा लिलामी प्रक्रियामा जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | ऋणीको विवरण | | धितो घर/जग्गाको विवरण |
|---|---|---|---|
| १. | **नाम/थर** : पुण्यराम धुख्वा<br>**ठेगाना** : भक्तपुर, भ.न.पा.१३<br>**बाबु** : रत्नकुमार धुख्वा<br>**बाजे** : मोहरमान धुख्वा<br>**नागरिकता नं.** ५-५१३ र जारी मिति : २०४५।१।१३ |  | **जग्गाधनीको नाम** : पुण्यराम धुख्वा<br>**बाबुको नाम** : रत्नकुमार धुख्वा<br>**बाजेको नाम** : मोहरमान धुख्वा<br>**घर/जग्गाको विवरण** : भ.पु., सिपाडोल, १क, कि.नं. ८१६, क्षेत्रफल ०-३-१-० |
| २. | **नाम/थर** : रविना धुख्वा<br>**ठेगाना** : भक्तपुर जिल्ला, भ.न.पा.१३<br>**बाबु** : पुण्यराम धुख्वा<br>**बाजे** : रत्नकुमार धुख्वा<br>**नागरिकता नं.** २९-०१-०६७-०६१५९ र जारी मिति : २०६७।०७।२५ |  | **जग्गाधनीको नाम** : पुण्यराम धुख्वा<br>**बाबुको नाम** : रत्नकुमार धुख्वा<br>**बाजेको नाम** : मोहरमान धुख्वा<br>**घर/जग्गाको विवरण** : भ.पु., सिपाडोल, १क, कि.नं. ८१६, क्षेत्रफल ०-३-१-० |
| ३. | **नाम/थर** : सीतालक्ष्मी धुख्वा<br>**ठेगाना** : भक्तपुर जिल्ला, भ.न.पा.१३<br>**बाबु** : कान्छा सुजखु<br>**पति** : पुण्यराम धुख्वा<br>**नागरिकता नं.** ५-५१२ र जारी मिति : २०४५।०१।१३ |  | **जग्गाधनीको नाम** : पुण्यराम धुख्वा<br>**बाबुको नाम** : रत्नकुमार धुख्वा<br>**बाजेको नाम** : मोहरमान धुख्वा<br>**घर/जग्गाको विवरण** : भ.पु., सिपाडोल, १क, कि.नं. ८१६, क्षेत्रफल ०-३-१-० |



# भक्तपुर महिला बचत तथा ऋण सहकारी संस्था लि.

कमलविनायक-९, भक्तपुर

## सावाँ ब्याज चुक्ता गर्ने ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१९ गते

यस सहकारीबाट तपसिलमा उल्लेखित ऋणीहरू एवं जमानीकर्ताले तिर्न बुझाउन पर्ने सावाँ ब्याजलगायत मिति २०८०।१२।३० सम्मको ऋण कर्जा रु. ७५,२९,३७२/-(पचहत्तर लाख उनन्तीस हजार तीन सय बहत्तर रुपैयाँ मात्र) बुझाउन लिखित तथा मौखिक रुपमा पटकपटक जानकारी/अनुरोध/ताकेता गर्दा पनि नबुझाई/संस्थामा सम्पर्क नगरी बेवास्ता गर्नु भएको, मिति २०८०।५।२२ मा उक्त सम्बन्धमा ३५ दिने ताकेता पत्र दिंदा पनि संस्थाको ऋण कर्जा चुक्ता नगरेको, मिति २०८०।९।५ मा सहकारीका पदाधिकारीहरू पत्रसहित घरबैठकसम्म पुग्दा भेट्नसमेत नमानेकाले ऋणकर्जा चुक्ता, भुक्तानी गर्ने, भाकापत्र/प्रतिबद्धता गर्न आउन, ऋणकर्जा भुक्तानी गरिसकेको वा गर्न नपर्ने भए वा यस सम्बन्धमा अन्य कुनै कुरा भए प्रमाणसहित दाबी उजुरी प्रस्तुत गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र ऋणको सावा, ब्याज र हर्जना तिर्न बुझाउन वा संस्थामा उपस्थित भई भाकापत्र/प्रतिबद्धता गरिदिनुहुन अनुरोध गरिन्छ। अन्यथा, तपाईंहरू दुवै ऋणी र जमानीकर्तासमेतको फोटो र तीनपुस्ते विवरणसहित राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक स्थानमा सूचना प्रकाशित गर्ने, दृष्टिबन्धकीमा रहेको तपाईंको नामको जग्गा लिलाम गरी, सहकारी आफैले सकार गरी असुलउपर गर्न बाध्य हुनेसमेत अनुरोध छ।

तपसिल

| ऋणीको विवरण | लेना रकम | फोटो | जमानीकर्ताको विवरण | फोटो |
|---|---|---|---|---|
| नाम : सुन्दरीमैया बोयजु<br>(सदस्य नं. ३१९)<br>बुबा : आसकाजी<br>बाजे : आसलाल | सावाँ : ३०,७९,०००।-<br>ब्याज : १३,१४,३५३।-<br>हर्जाना, बिलम्ब : ३,२८,५८८।-<br>नवीकरण र अन्य : २,३८,५५५।- | | | |
| नाम : सविना सुवाल<br>(सदस्य नं. ६५३)<br>बाबु : नरेश सुवाल<br>बाजे : लक्ष्मीलाल सुवाल | सावाँ : १६,००,०००।-<br>ब्याज : ६,५६,७०१।-<br>हर्जाना, बिलम्ब : १,६४,१७५।-<br>नवीकरण र अन्य : १,४८,०००।- | | नाम : सुन्दरीमैया बोयजु<br>(सदस्य नं ३१९) | |

**दृष्टिबन्धकीमा रहेको धितोको विवरण:**

ऋणी एवं जमानीकर्ता सुन्दरीमैया बोयजुको नाममा दर्ता श्रस्ता कायम भक्तपुर जिल्ला साबिक भीमसेन वडा नं. २

कि.नं. ३२५६ क्षेत्रफल ०-२-१-०

ऐ.ऐ.कि. नं ३२५७ क्षेत्रफल ०-२-२-०


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा